# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ५, अङ्क १६, पूर्णाङ्क २११ | २०७६ असोज ८ गते बुधबार | Wednesday, 25 Sep 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## मेची-कोसी ब्युरोद्वारा सरकारलाई गम्भीर चेतावनी



**काठमाडौं ।** नेकपा मेची-कोसी ब्युरोले प्रहरीले आफ्नो पार्टीका सुनसरी जिल्ला इन्चार्ज लक्ष्मण पौडेल र सेक्रेटरी सन्तोष बिष्टलाई गिरफ्तार गरेको भन्दै तत्काल रिहा नगरे परिणाम गम्भीर हुने चेतावनी दिएको छ । ब्युरो इन्चार्ज अनुले मङ्गलबार विज्ञप्ति जारी गर्दै सरकारलाई चेतावनी दिएकी हुन् ।

उनले विज्ञप्तिमा भनेकी छिन्, 'केपी-पीकेको सामाजिक फासिवादी सरकारले मेची-कोसी क्षेत्रमा दमन र धरपकड तीव्र बनाएको छ । दलालहरूको ... बाँकी पृष्ठ ३ मा

# टुँडिखेलमा नयाँ पञ्चर्‍याली

■ **रातो खबर संवाददाता**/काठमाडौं




दलाल पुँजीवादी व्यवस्थाको मूल कानुन अर्थात् संविधान घोषणा भएको चौथो वर्ष पूरा भएको उपलक्ष्यमा असोज ३ गते काठमाडौँस्थित टुँडिखेलमा जर्जर बनेको राष्ट्रिय ढुकुटी रित्याएर ठूलो तामझाम गरियो । कार्यक्रममा सुरक्षाकर्मी, सरकारी-अर्धसरकारी कर्मचारी, सांसद र नेताहरूको भीडभाड देखिन्थ्यो । त्यो भीडमा राष्ट्रिय अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाहरूले साथ दिएका थिए । र्‍यालीमा सर्वसाधारण नागरिकको उपस्थिति देखिएन । काठमाडौँका नेवार समुदायको त उपस्थिति शून्यबराबर थियो । सरकारी उर्दीमा भएको र्‍यालीको तामझाम हेर्दा पञ्चर्‍याली बिर्साउने खालको थियो । २०४६ सालमा पञ्चायती व्यवस्था ढल्दै गर्दा बहुदलवादीहरूका विरुद्ध सादा पोसाकका सुरक्षाकर्मी, कर्मचारी र पञ्चहरूले निकाल्ने गरेको जुलुसलाई 'पञ्चर्‍याली' भनिन्थ्यो । पञ्चायतीकालको पञ्चर्‍याली र नयाँ पञ्चर्‍यालीको भिन्नता के थियो भने यसपटकको र्‍यालीमा कमल थापा, पशुपतिशमशेर र मरिचमानहरू नभएर उनीहरूभन्दा विचार, आदर्श, व्यवहार, संस्कृति र अर्थनीतिमा अन्तर नभएका केपी वली-प्रचण्डहरू थिए । आन्दोलनकारीले एक दिन बन्द गर्दा आकासै खसेझैँ कोकोहोलो मच्चाउने शासकहरूले तीन दिन बिदा दिएर देश ठप्प पारे । करोडौँ राजस्व खरानी बनाए । टुँडिखेलमा सिँगारपटारमार्फत मण्डले राष्ट्रवादको दुर्गन्ध प्रवाहित गरेर जनजाति र कम्युनिस्टको हुर्मत लिन खोजियो, त्यो पनि कम्युनिस्ट पार्टीकै नाममा । राष्ट्रिय पदकमार्फत पूर्वपञ्चहरूलाई पुरस्कृत गरेर आन्दोलनका सहिद र घाइतेको हुर्मत लिइयो ।

टुँडिखेलमा राज्यशक्तिको दुरूपयोग गरेर पञ्चर्‍याली प्रदर्शन गरिरहेको बेला काठमाठौँकै वसन्तपुरमा भने दलित, महिला, जनजाति, थारू, मधेसीलगायत उपेक्षित-उत्पीडित समुदायले दलाल संविधानका विरुद्ध प्रदर्शन गरे । सरकारी धम्की, थुनछेक र पक्राउका बीचमा हजारौँ नागरिकले विरोध प्रदर्शनमा सहभागिता जनाए । प्रदेश नं. २ मा संविधान दिवसलाई प्रदेश सरकारले नै कालो दिवस भन्दै अस्वीकार गर्‍यो । सरकारमा रहेकै दलहरूले कालो दिवस मनाए । सरकारले उर्दी गरेझैँ दीपावली भएन, बरु 'ब्ल्याक आउट' भयो । केन्द्रीय सरकारकै पार्टीको नेतृत्वमा गठन भएका ६ वटा प्रदेश र प्रदेश प्रमुखहरूले नै जनदबाबका कारण संविधान दिवस मनाएनन् । उपप्रधानमन्त्री उपेन्द्र यादव संविधान दिवसप्रति असन्तुष्टि व्यक्त गर्न विदेश भ्रमणमा गए । प्रदेश नं. २ का मुख्यमन्त्री संविधान दिवस मनाउने भनी गरिएको पूर्वनिर्णयबाट जनदबाबको कारण पछि हट्न बाध्य भए । सरकारको नेतृत्व गरिरहेका पार्टीका नेताहरूले राजनीतिक सङ्घर्षको अवधि सकिएको गैरमार्क्सवादी र हावादारी तर्क गरिरहँदा संविधान दिवसमा भने सरकारी आदेश तामेली गर्न आएका सहभागीहरूको भीडभाडबाहेक कहीँकतै उमङ्ग देखिएन । निजामती कर्मचारीलाई अनिवार्य उपस्थितिको आदेश भएको थियो भने विद्यालयलाई शान्तिक्षेत्र र गैरराजनीतिक क्षेत्रको फलाको गरेर नथाक्नेहरूले नै विद्यार्थीलाई शैक्षिक संस्थाकै पोसाकमा जुलुसमा सहभागी गराउन उर्दी जारी गरेका थिए ।

संविधानले शासक वर्ग, उनीहरूका नातेदार र दलाल पुँजीलाई राहत र बाँकी पृष्ठ ७ मा

## नेकपाका कार्यकर्ता छोड्दै अदालत, समात्दै प्रहरी

**काठमाडौँ :** गैरकानुनी रूपले गिरफ्तार गरिएको ठहर गर्दै सर्वोच्च अदालतले रिहा गरेका नेपाल कम्युनिस्ट पार्टीको कास्की जिल्ला सेक्रेटरी जङ्गबहादुर भण्डारी 'आक्रोश' सहित ३ नेतालाई प्रहरीले सर्वोच्च अदालतको मूलढोकाबाटै गिरफ्तार गरेको छ । सर्वोच्चको आदेशमा रिहा भएका भण्डारीसहित अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मिलन राई र अखिल (क्रान्तिकारी) कै कास्की अध्यक्ष काजी ... बाँकी पृष्ठ ३ मा

## उपत्यका इन्चार्ज नवीनसहित दुईजना गिरफ्तार



**काठमाडौँ :** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा उपत्यका विशेष ब्युरो इन्चार्ज नवीन विश्वकर्मा गिरफ्तार भएका छन् । प्रहरीले सोमबार दिउँसो नवीन र भीम बटलालाई गिरफ्तार गरी बेपत्ता पारेको नेकपा स्रोतले जनाएको छ । प्रहरीले भने नेपाल प्रहरीको केन्द्रीय कार्यालयबाट खटिएको विशेष टोलीले नवीन र भीमलाई ललितपुरबाट गिरफ्तार गरेको जनाएको छ । गिरफ्तार नेता-कार्यकर्तालाई कहाँ र कुन अवस्थामा राखिएको छ भन्ने कुनै थाहा नदिइएको नेकपास्रोतले जनाएको छ ।

## इन्डो-प्यासिफिक रणनीतिमा सहभागी नहुन विज्ञहरूको चेतावनी




■ **जिपी चौलागाई**/काठमाडौं

विभिन्न क्षेत्रका विज्ञहरूले अमेरिकाको इन्डोप्यासिफिक रणनीतिमा सहभागी नहुन नेपाललाई चेतावनी दिएका छन् । साथै नेपाल आफ्नो विदेश नीतिमा स्पष्ट हुनुपर्नेमा पनि उनीहरुले जोड दिएका छन् । शनिबार काठमाडौँमा विश्वमामिला प्रतिष्ठानले आयोजना गरेको हिन्द-प्रशान्त रणनीति र नेपालविषयक अन्तरक्रियाका वक्ताहरूले नेपाल विभिन्न शक्तिराष्ट्रको क्रीडास्थल हुने गम्भीर खतरा रहेको, नेपाललाई शक्ति राष्ट्रहरूले अनावश्यक रूपमा प्रयोग गर्न खोजेको भन्दै सरकारले स्पष्ट रूपमा आफ्नो विदेश नीति बनाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा प्रगतिशील लेखक सङ्घका समीर सिंहले साम्राज्यवादी शक्तिहरूले आफ्नो शक्ति कसरी प्रदर्शन गर्ने भन्ने ... बाँकी पृष्ठ ७ मा

## सीएमसी ३० दिनभित्र बढी शुल्क फिर्ता गर्न तयार

■ **रातोखबर संवाददाता**/काठमाडौं



जिल्ला प्रशासन कार्यालय चितवनमा शनिबार आन्दोलनरत विद्यार्थी, चितवन मेडिकल कलेज र विद्यार्थी प्रतिनिधिको त्रिपक्षीय छलफलमा सरकारले तोकेको भन्दा बढी असुल गरेको शुल्क ३० दिनभित्र फिर्ता गर्न सीएमसी तयार भएपछि विद्यार्थी आन्दोलन फिर्ता भएको छ । सरकारले तोकेकोभन्दा बढी शुल्क असुल गरेको भन्दै विद्यार्थीहरूले तीन सातादेखि आन्दोलन थालेका थिए ।

शुल्कसम्बन्धी अध्ययन गर्न जिल्ला प्रशासन कार्यालय र शिक्षा कार्यालयका एकएकजना प्रतिनिधि, चितवन मेडिकल कलेजका दुईजना प्रतिनिधि, आन्दोलनरत विद्यार्थीका दुईजना प्रतिनिधि र अभिभावकका तर्फबाट एकजना प्रतिनिधि रहेको कार्यदल गठन गर्ने सहमति ... बाँकी पृष्ठ ७ मा

## अभिव्यक्ति स्वतन्त्रता विषयमा अन्तरक्रिया



■ **गोपाल गिरी**/काठमाडौं

जनपत्रकार सङ्गठन नेपाल केन्द्रीय समितिले बुटवलमा आयोजना गरेको मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् वर्तमान राजनीतिक अवस्थाविषयक अन्तरक्रियाका वक्ताहरूले प्रेस स्वतन्त्रता र मानवअधिकार गम्भीर सङ्कटमा रहेको बताएका छन् ।

बुटवलमा शनिबार भएको अन्तरक्रियाका अधिकांश वक्ताले संविधानमा लेखिएका कुराहरू सरकारले नै पालना नगरेको भन्दै असन्तुष्टि व्यक्त गरे । कार्यक्रममा भोजप्रकाश श्रेष्ठले सरकार र विद्रोही शक्ति दुवै देश र जनताकै लागि भएकाले हिंसाभन्दा पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट राजनीतिक निकास निकाल्नुपर्ने बताए ।

नेपाली काङ्ग्रेसका नेता तथा पूर्वराज्यमन्त्री अमर पुनले सरकारको रबैयाले जनतालाई विद्रोहका लागि उकासिरहेको भन्दै असन्तुष्टि ... बाँकी पृष्ठ ७ मा

## युवा सङ्गठन नेपालको तीनमहिने साङ्गठनिक अभियान देशैभर उद्घाटन



■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

हालै बसेको सङ्गठनको केन्द्रीय समितिको बैठकको निर्णयअनुसार आज देशैभर सङ्गठन सुदृढ तथा विस्तार अभियान उद्घाटन भएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आमयुवाहरू एक हौँ ! वैज्ञानिक समाजवादका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा अघि बढौँ !! मूल नाराका साथ बाँके, बर्दिया, बझाङ, बैतडी, कञ्चनपुर, कैलाली, जाजरकोट, दाङ, सल्यान, रुकुम, रोल्पा र प्युठानमा एकै साथ अभियान उद्घाटन भएको छ । यसैगरी लुम्बिनी ब्युरो, गण्डक ब्युरो, धवलागिरि ब्युरो, उपत्यका ब्युरो, ताम्सालिङ ... बाँकी पृष्ठ ७ मा

# अस्वस्थ सत्ता : अस्वस्थ देश

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



अङ्ग्रेजीमा एउटा उखान भन्ने गरिन्छ : 'अ सिक माइन्ड ह्याज अ सिक सोलुसन' अथवा एउटा अस्वस्थ मस्तिष्कसँग अस्वस्थ समाधान हुने गर्छ । यो उखान अहिले नेपालको दलाल पुँजीवादी सत्ताको राजनीतिक, आर्थिक सामाजिक चरित्रसँग पूर्ण रूपले मेल खान्छ । नेपालमा चलिरहेको दलाल पुँजीवादी संसदीय राज्यव्यवस्था मरणासन्न अवस्थामा छ । बिरामी परेको छ । थला परेर मृतशैयामा पल्टिरहेको छ र यसको सम्पूर्ण विसर्जनका लागि विशाल जनप्रतिरोधको पट्यारिलो पर्खाइमा छट्पटाइरहेको छ । उसो त देशका प्रधानमन्त्री पनि बिरामी छन् र उनलाई शल्यशैयामा सुतेको देख्ने नेपाली काङ्ग्रेसका नेताहरूले उनी दिनको चौबीस घण्टामा अठाह्र घण्टा ओछ्यानमा सुत्छन् भनेका छन् । तर सत्ता नै दलाल चरित्रको छ र स्वयम् मरणासन्न अवस्थामा छ भने प्रधानमन्त्री, मन्त्रीहरू व्यक्तिगत रूपमा स्वस्थ वा अस्वस्थ रहनुको कुनै औचित्य हुँदैन । दलाल पुँजीवाद आफैँमा मरणासन्न अवस्था हो ।

भनिरहनु आवश्यक छैन, दलाल संसदीय उपरिसंरचना अथवा व्यवस्थाको आधार भनेको दलाल पुँजीवाद हो । दलाल पुँजीवाद एकाधिकार पुँजीवादको एउटा अभिन्न अङ्ग हो । यसले मानिसमाथिको उत्पीडनका नयाँ तरिका अपनाएको हुन्छ । सङ्क्षेपमा परिभाषा दिने हो भने साम्राज्यवादी पुँजीले अल्पविकसित तथा विकासोन्मुख देशहरूमा वित्तीय पुँजी लगानी गरी बीचमा गरिने अतिरिक्त मुनाफा दलाल पुँजी हो । यसले यसप्रकारको मुनाफाका लागि त्यही देशको सत्ता र शासकहरूको प्रयोग गरेको हुन्छ । यसप्रकारको पुँजीको द्वैतचरित्र हुन्छ । देशमा प्रयोग भएको अथवा विदेशीहरूबाट लगानी गरिएको एकाधिकारवादी पुँजी साम्राज्यवादी पुँजी हो जसको चरित्र उत्तरसाम्राज्यवादी हुन्छ । तर देशभित्र यसको चरित्र दलाल प्रकारको हुन्छ । नेपालजस्ताले देशमा उत्पादन सम्बन्ध अर्धसामन्ती प्रकारको हुन्छ भने परिचालित पुँजी एकाधिकारवादी साम्राज्यवादी हुन्छ र देशको उपयोगमा आउने पुँजी दलाल हुने प्रकृतिको हुन्छ । यही कारण हो, नेपालका कतिपय बुद्धिजीवीहरू नेपाललाई पुँजीवादी देश भएको देख्न पुग्छन् । यसप्रकारको देशमा त्यहाँको शासक वर्ग तथा सत्ताले एकाधिकार पुँजीको दलाली गर्ने काम गरेको हुन्छ र त्यही दलालीबाट प्राप्त रकमबाट देशको प्रशासन, जनजीवन, विकास निर्माण आदि चल्ने गरेको हुन्छ ।

हामीले राजनीतिक रूपमा उठाइरहेको मुद्दा के हो भने ...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# संविधान घोषणाका चार वर्ष

मुलुकमा देखिने गरी एउटा दलाल सत्ता छ। यो सत्ताले दलाल पुँजीवाद र दलाल पुँजीपति वर्ग, भ्रष्टाचारी, अत्याचारी, बलात्कारी र तस्करहरूको सुरक्षा र संरक्षण गरिरहेको छ। मुलुकको विद्रोही पक्ष अर्थात् नेपाल कम्युनिस्ट पार्टीले यो सत्तालाई दलाल पुँजीवादी सत्ता घोषणा गरेको छ र यो सत्ताको रक्षाका लागि जारी गरिएको संविधानलाई दलाल संसद्वादी व्यवस्थाको रक्षक भन्दै त्यसलाई अस्वीकार गरेको छ । नेकपाले सरकारी संविधानलाई अस्वीकार मात्र गरेको छैन, त्यसको अवज्ञा गर्दै अर्को संविधान जारी गरेको छ । नेकपाले आफूले जारी गरेको संविधानलाई जनसंविधानको खाका भनेको छ। सरकारले २०७२ साल असोज ३ गते संविधान जारी गर्नुअघि नै असोज २ गते नेकपाको क्रान्तिकारी जनपरिषद्ले रत्नपार्कमा बृहत् जनसभा आयोजना गरी आफ्नो संविधानको खाका सार्वजनिक गरेको थियो ।

सरकारी संविधानमा जे लेखिएको भए पनि त्यो संविधान कार्यान्वयन गर्नेहरू भुइँमा हिँड्दैनन् । नमिठो खाँदैनन् । नराम्रो लगाउँदैनन् । त्यो संविधान कार्यान्वयनका आदेशकर्ताहरू सामान्य रुघाखोकी लागे पनि उपचारका लागि गरिब जनताको पेट काटेर जम्मा पारिएको र श्रमजीवी जनताले अर्काको देशमा रगतपसिना खर्चेर आर्जन गरेको रकमले भरिएको राष्ट्रको ढुकुटी स्वाहा पार्दै विदेश सयर गर्छन् । उनीहरू आफू मात्र होइन, सत्तको दुरुपयोग गर्दै आफ्ना श्रीमान्-श्रीमती, छोरा-छोरी, दाजु-भाइ, नाति-नातिना, साला-साली, जेठान-जेठानी, आसेपासे र आउरे-बाउरेसम्मलाई सुखसुविधा, धन-मान-लाभ, उपचार र विभिन्न बहानामा विदेश घुमाउने, विदेशमा पैसा लुकाउन लगाउने र देशमै पनि राजामहाराजाले भोगेको सुखभोग गर्छन् । यसको ठीक विपरीत जनता भने रोग, भोक र शोकले भुतभुतु मर्ने अवस्थामा छन् । राष्ट्रघात र जनघातले सीमा नाघेको छ । सडकबाट जनसंविधान घोषणा गर्नेहरू यतिबेला जनताको घरदैलोमा छन् । जनताको सुखदुःखलाई आफ्नो जीवनसँग गाँसिरहेका छन् । उनीहरू राज्यबाट प्रतिबन्धित छन् तर जनताको अपार माया र सद्भाव पाएर देश लुटाहा, जनतामारा, भ्रष्ट र तस्करहरूमाथि आन्दोलन छेडिरहेका छन् । देश र जनताका समस्याहरू सम्बोधन गरेकै कारण नेकपाले जनताको अपार साथ, सहयोग र समर्थन पनि प्राप्त गर्दै गएको छ । सरकारमा बस्नेहरू आफैँले घोषणा गरेको संविधानका विरुद्ध गतिविधि गरेकाले जनताको आँखाबाट दिनदिनै फिक्का र अविश्वासिला बन्दै गएका छन् भने आन्दोलनकारीहरूको विश्वास नेकपाप्रति बढेको बढ्यै छ।

यस्तो अवस्था जनयुद्धकालमा पनि थियो । तत्कालीन 'वैध' सत्तामा बसेका संसद्वादीहरू रातो पासपोर्ट, सुत्केरी भत्ता, पजेरोकाण्ड, सामूहिक बिरामीको बहानामा विदेश सयर र सरकार फेरबदलको समीकरण बनाउन र बिगार्न किनबेच हुने र पाँचतारे होटेलमा बन्द भएर रासलीला गर्नमा व्यस्त थिए। जनता सरकार र सत्ताबाट आजित थिए । भ्रष्टाचार, अत्याचार र बेथितिको नेटो काटेको थियो । दलाल संसद्वादको नौटङ्कीबाट आजित जनता भरपर्दो विकल्प खोजिरहेका थिए। त्यही समयमा जनयुद्ध आरम्भ भएको थियो र जनताको अपार साथ र सहयोग पाएको थियो। जनयुद्धकै क्रममा वैकल्पिक क्रान्तिकारी सत्ता, सरकार अर्थात् सेना, संविधान, न्यायालयहरू निर्माण भएका थिए। जनताको पुरानो संविधानप्रति मरिसकेको आस्था र विश्वास नयाँ सत्ताले दिलाएको थियो । आज पनि क्रमशः त्यही अवस्थाको पुनरावृत्ति भइरहेको छ।

सक्कली संविधानसभाबाट आंशिक रूपमै भए पनि देश र जनताका पक्षमा संविधान निर्माण हुने त्रासले आत्तिएका प्रतिक्रियावादीहरूले विस्तारवाद, साम्राज्यवाद र विभिन्नखाले प्रतिक्रियावादीहरूको इशारामा विघटन गराएर बुख्याँचा र प्रायोजित संविधानसभा निर्माण गरी देशलाई अग्रगतिमा जानबाट रोके । फलस्वरूप आमूल परिवर्तनका लागि जनयुद्ध सञ्चालन गर्ने केही थान नेताहरू पनि आदर्श र विचारबाट पलायन हुँदै प्रतिगामीहरूको टाङमुनि छिर्न पुगे । फलस्वरूप नेपाल कम्युनिस्ट पार्टीले प्रतिगामीहरू, प्रतिक्रियावादी-यथास्थितिवादीहरू, सबैखाले अवसरवादीहरू, संशोधनवादीहरू र दलाल तथा गद्दारहरूसँग विद्रोह गरी एकीकृत जनक्रान्तिको शङ्खघोष गऱ्यो र २०७२ साल असोज २ गते जनताका बीचमा जनसंविधानको खाका प्रस्तुत गऱ्यो। देश र जनताको मुक्ति, रक्षा र विकासको पूर्ण प्रत्याभूति गरिएको जनसंविधानको खाका प्रस्तुत गरिएको चार वर्षमै नेकपाले दलाल पुँजीवादी, संसद्वादी व्यवस्थाका लुट, मार, बेथिति, राष्ट्रघात, जनघात र व्यभिचारका विरुद्ध एउटा भरपर्दो आशा र विश्वास जगाएको छ। नेकपा यो दलाल सत्ताको एक मात्र विकल्प साबित भएको छ । यतिबेला फेरि मुलुक वैज्ञानिक समाजवादी सत्ता निर्माणको दिशामा अग्रसर छ । दलाल संसद्वादीहरूले जनताले आफ्नो लूट र भ्रष्टाचारको यथार्थ थाहा पाएर विद्रोह गर्लान् भनेर एकीकृत जनक्रान्तिमा होमिएको नेपाल कम्युनिस्ट पार्टीमाथि आठ महिनादेखि प्रतिबन्ध लगाएका छन् तर जनताले दलाल संसद्वादी व्यवस्थाका राष्ट्रघात, जनघात र व्यभिचारका सम्पूर्ण अवस्था भोगेर विद्रोहलाई साथ दिइरहेको अवस्था छ। दलाल संसद्वादीहरूले आफ्नै बुख्याँचा संविधानले दिएको अधिकारसमेत कुण्ठित गरी नेकपामाथि प्रतिबन्ध लगाए पनि उनीहरूको प्रतिबन्ध हावा खुस्केको बेलुनजस्तै बन्दै गएको छ। जनताले नेकपाको नेतृत्वमा देशभर भ्रष्ट र जनघातीहरूमाथि कारबाहीको शृङ्खला तीव्र गतिमा अघि बढाइरहेका छन् ।

दलाल संसद्वादीहरूले घोषणा गरेको नौटङ्की संविधान मान्नेहरू नै कहीँ नभएको जात्रा देखाइरहेका छन् । विडम्बना ! जनगणतन्त्र स्थापना गर्न आरम्भ गरिएको जनयुद्धको समय र गणतन्त्र स्थापना गर्ने आन्दोलन जारी रहेको समयसम्म गणतन्त्रविरोधीका रूपमा बदनाम केपी वलीहरू यतिबेला यो संविधानको व्याख्याता बनेका छन् र खुलामञ्चबाट दुनियाँलाई गणतान्त्रिक संविधान मान्न उर्दी जारी गरिरहेका छन् । जनगणतन्त्र स्थापना गर्ने भनेर दसौँ हजार योद्धालाई बलिदान गर्न बाध्य बनाउने पुष्पकमल दाहालहरू दलाल संसद्वादमा लम्पसार परेर दलाल संसद्वादलाई जगेर्ना गर्ने संविधान स्वीकार्न फरमान जारी गरिरहेका छन् । तर देशभर यो संविधानका विरुद्ध कतै ब्ल्याकआउट त कतै कालो दिवस मनाइएको छ। यही दलाल संसद्वादी व्यवस्था स्वीकार्नेहरूबीच पनि यो संविधानलाई स्वीकार्ने विषयमा मतैक्य छैन। तर श्रमजीवी जनताका बीचमा नेकपाले अघि बढाएको जनक्रान्तिका विषयमा कुनै मतभिन्नता छैन । राष्ट्रिय स्वाधीनताको रक्षा, श्रमिक वर्गको मुक्ति, साम्राज्यवाद र सबैखाले प्रतिक्रियावादका विरुद्ध प्रतिरोधमा जनताको एकमत छ। त्यसैले खुला र प्रस्ट रूपमा भन्न सकिन्छ- यी चार वर्षमा दलाल संसद्वादीहरूको एक थान संविधान दिनदिनै पतन हुँदै गइरहेको छ भने नेकपाको अभियान बेलगाम अघि बढिरहेको छ।

# 'स्वर्ग' जाने 'नरक'को बाटो

## (सन्दर्भ वली-दाहाल समूहको राजनीतिक प्रतिवेदन)



अनिल शर्मा 'विरही'

जगतलाई प्रस्ट भएको कुरा हो- एमाले पाँचौँ महाधिवेशन तथा बहुदलीय जनवादरूपी दलाल पुँजीवादी विचार र त्यही .अनुरूपको राजनीतिमा टेकेर उभिएकै थियो र छ। त्यही राजनीतिक-वैचारिक लाइनमा प्रचण्डको पतन भएको छ । विप्लव-किरणको विद्रोहपछि गएको संविधानसभाको चुनावमा ठूलो धक्का खाएको, त्यसको विपल्पका रूपमा काङ्ग्रेससँगको सहकार्य छोरीलाई मेयर बनाउन बाहेक कामकाजी नभएको र बाबुराम भट्टराईको बहिर्गमनपछि अस्तित्वरक्षाको खोजीका क्रममा प्रचण्डको वली समूहमा विसर्जन भएको हो। सारतत्व यो हो भने रूप पक्षबाट हेर्दा 'एकता' भनिएको छ। २०७५ जेठ ३ गते पारित र १ वर्षपछि प्रकाशित राजनीतिक प्रतिवेदनले त्यही सारतत्व अभिव्यक्त गरेको छ।

कम्युनिस्ट र समाजवादको नारा भट्याउँदै जनता झुक्याउनु र पँजीवादको सेवा गर्नु खोटा कम्युनिस्टहरूको अनैतिक कर्म हो । राजनीतिक प्रतिवेदनको पहिलो पृष्ठमा नै पुष्पलाल र मदन भण्डारीको स्मरण गरिएको छ । पुष्पलाल चीन र सोभियत विवादमा माओविचार, सांस्कृतिक क्रान्ति र नयाँ जनवादी क्रान्तिका पक्षमा थिए। बहुदलीय जनवाद र पुष्पलालका बीचमा गोरु बेचेको साइनो छैन । मदन भण्डारी महाकाली सन्धि (त्यसबेला टनकपुर) अस्वीकार गर्दा मारिए । तर वली-नेपाल गुटले पार्टी फुटाएर भए पनि उक्त राष्ट्रघाती सन्धि गऱ्यो । त्यसैले पुष्पलाल र मदन भण्डारी बेच्ने अनैतिक कर्म उक्त दस्तावेजमा देखिन्छ । जहाँ केशरजङ्ग रायमाझीलाई राख्नुपर्थ्यो । प्रतिवेदनमा १० वर्षको महान् जनयुद्धको नाम लिनसमेत एमालेले अस्वीकार गरेको छ र भविष्यमा देशभित्रका दलाल र साम्राज्यवादलाई रिझाउन जनयुद्धको आलोचना सुरु हुनेछ । सारतत्वमा त त्यो भैसकेको छ । प्रतिवेदनमा २१ औँ शताब्दीको पहिलो समाजवाद उन्मुख देश निर्माण गर्ने भनिएको छ तर त्यही पार्टीका पीबीएमहरू आफ्नो पार्टी र नेताहरू दलाल पुँजीवादको प्रतिनिधि भएको बताउँछन् । उनीहरूको कथित समाजवाद र बीपी कोइरालाको प्रजातान्त्रित समाजवादका बीचमा के अन्तर छ ? वली-प्रचण्डको समाजवाद व्यवहारमा राष्ट्रिय उद्योगहरू बेचेर खाने, बीपी र महेन्द्रले रोकिराखेको जमिन 'भूमि ऐन' बनाएर दलाललाई बेच्ने बाटो खोलेर कमण्डलु थापेर खाने, पवित्र शुक्राणु मिसाइएको दारूपानी खाएर नेपाललाई धार्मिक द्वन्द्वतिर धकेल्ने, नेपालको असंलग्न परराष्ट्रनीइति परित्याग गरेर अमेरिकी सैन्य गुटमा देशलाई धकेल्ने रहेको छ।

प्रधान अन्तरविरोध र त्यसप्रतिको बुझाइले पार्टीको समग्र दिशा निर्धारण गर्दछ । दस्ताबेजमा व्याख्याको तहमा श्रम, पुँजीको बीचमा, अन्तरसाम्राज्यवादी र विश्वसाम्राज्यवाद र क्षेत्रीय साम्राज्यवादबीच अन्तरविरोध रहेको व्याख्या छ। प्रमुख अन्तरविरोधका सन्दर्भमा भनिएको छ '...विश्व साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबीचको अन्तरविरोध प्रखर र प्रमुख रूपमा अभिव्यक्त भइरहेको छ। (पृष्ठ २)' त्यसो हो भने विश्वका विवाद, अन्तर र समस्याहरूमा नेकपा (दोब्बर) को पक्षधरता कता हो ? उत्तरकोरिया र अमेरिका विवाद, इजरायल र प्यालेस्टाइन विवाद, कास्मिर विवाद, इरान-अमेरिका विवाद, नेपाली जनता र भारतीय साम्राज्यवादीबीचको अन्तरविरोधमा उसको पक्षधरता कता हो ? भदौ ३० गते वली-प्रचण्डको प्रतिवेदन हेर्दै गर्दा उत्तरकोरियाली व्यवसायीलाई अपमानपूर्वक कथित कम्युनिस्ट नामधारी सरकारले देश निकाला (व्यवसाय बन्द गर्न र पुँजी फिर्ता लग्न ) सूचना जारी गरेको छ । अब प्रस्ट हुन्छ- वली-प्रचण्ड साम्राज्यवादको दलाल गुट हो कि कम्युनिस्ट ? प्रतिवेदन अझ अगाडि भन्छ- 'पुँजीवाद र साम्राज्यवादको नवीनतम् अभिव्यक्तिका रूपमा विश्व वित्तीय पुँजीवादले आज विश्व श्रमिक समुदाय र उत्पीडित राष्ट्रहरूमाथि शोषणका नयाँ र सूक्ष्म रूपहरू थोपरिरहेको छ (पृष्ठ ३)' विश्वभरिका साम्राज्यवादी देशलाई बिनासर्त आमन्त्रण गर्ने, नेपाली श्रमिकलाई विश्वभरि बेच्ने, नेपालका उद्योगहरू बेचेर खाने, नेपाललाई भाडाको सिपाही जन्माउने देशका रूपमा बदनाम गराइरहने कार्यमा वली सरकार पञ्चायती व्यवस्था र काङ्ग्रेस नेतृत्वको सरकारभन्दा एकरत्ति फरक भएन । नेपाल र नेपाली श्रमिकको शोषण-उत्पीडनमा साम्राज्यवादी वित्तीय शोषणमा वली सरकार मतियार भइरहेको छ कि छैन ? उत्पीडित देशको कृषि र उद्योग बन्द गराएर साम्राज्यवादले आफ्नो बजार विस्तार गरेको छ । तर त्यसको मतियार त्यही देशका दलालमार्फत गरेको छ। नेपालमा साम्राज्यवादको मतियार काङ्ग्रेस र एमाले (अब प्रचण्डसमेत) हुन् कि होइनन् ? प्रतिवेदनमा साम्राज्यवादले उत्पीडित देशको कृषि र उद्योग नष्ट गर्ने रणनीति लिएको भन्दै 'गोहीको आँसु' झार्नुको के अर्थ हुन्छ ?

प्रतिवेदनमा '...शान्तिपूर्ण तथा वैधानिक बाटोबाट समाजवाद निर्माणका आधारहरू बलियो बन्दै जानु' वर्तमानको उपलब्धिका रूपमा उल्लेख छ । तर प्रतिवेदन प्रकाशित हुँदानहुँदै समाजवाद त के यही दलाल

> साम्राज्यवादको हस्तक्षेप त झन् बढेको छ । सामन्तवादको आयाम झन् विस्तार भएको छ । 'होलीवाइन संस्कृतिदेखि राजा ज्ञानेन्द्रले गर्दै आएको सामन्तवादको भूमिका राष्ट्रपति, प्रधानमन्त्री र नेताहरुले निर्वाह गर्दै आएको जगजाहेर छ । श्रीपेच नभिर्नुले सामन्तवाद कायम भए-नभएको निरुपण गर्दैन ।'

पुँजीवादी व्यवस्था सङ्कटमा परेको रोइलो छरपस्ट भएको छ । कटवालप्रकरण र विषादी जाँच प्रकरणमा भारतको दबाबमूलक पत्राचारकाण्डले वर्तमान सत्ताको वर्गचरित्र र त्यसका कारिन्दा वली-प्रचण्डको समाजवाद निर्माणको हल्ला गँजडी गफबाहेक अरू केही होइन भन्ने भनिरहनु परोइन। वली-प्रचण्डले समाजवाद होइन, दलाल पुँजीवादलाई सुदृढ गर्नेछन्।

राजनीतिक प्रतिवेदन (पृष्ठ १२) मा 'पटकपटक प्रतिगमन र राज्यको सकारात्मक भूमिकाको अभावमा पनि समाजको पुँजीवादीकरणलाई पूरै रोक्न सकेन' भनिएको छ। यो भनाइ आजको सन्दर्भमा पनि त्यत्तिकै सत्य हो। किनकी दलाल पुँजीवाद राष्ट्रिय पुँजीको बाधक पञ्चायतीकाल भन्दा २०४६ सालपछि र आज झन्झन् बढी भएको छ। कुपोषणले ग्रसित बच्चालाई धिमा गतिमा वयस्क हुनबाट कसैले रोक्न नसकेझैँ बाटो, जलविद्युत्, नयाँ होटेल, निजी अस्पताल, कलेज बनिरहेका छन् र बनिरहनेछन् । यो प्रक्रिया २००७ सालदेखि चलिरहेकै छ । वर्तमान सरकार दलाल पुँजीपति वर्गको प्रतिनिधि र राष्ट्रिय पुँजीको भक्षक भएको छ र त्यसबाट समाज सरकारप्रति असन्तुष्ट बन्दै गएको छ। आफ्नो गलत नीति र बुझाइले पैदा गरेका समस्याको निदान अरूतिर सोझ्याउन खोजेर समाधान हुन सक्दैन। प्रतिवेदनको यत्रतत्र माओ र खुस्चोभ, क्रान्ति र प्रतिक्रान्ति, पुष्पलाल र केशरजङ्गलाई घालमेल पारेर मतपत्र प्रभावित गर्ने 'कुखुराचोर स्याल' प्रवृत्ति देख्न सकिन्छ। यो संसारभरिका संशोधनवादीको परम्परागत चरित्र नै हो। प्रतिवेदनमा नयाँ जनवादी क्रान्ति पूरा भएको घोषणा गरिएको छ। राजतन्त्र सामन्तवादको नायक थियो। तर नायक नरहनु भनेको सामन्तवादकै अन्त्य होइन । सामन्तवाद अर्थतन्त्र, संस्कृति, विचार, राजनीति सबैमा रहेको छ र त्यो यथावत् छ । साम्राज्यवादको हस्तक्षेप त झन् बढेको छ । सामन्तवादको आयाम झन् विस्तार भएको छ। 'होलीवाइन संस्कृतिदेखि राजा ज्ञानेन्द्रले गर्दै आएको सामन्तवादको भूमिका राष्ट्रपति, प्रधानमन्त्री र नेताहरूले निर्वाह गर्दै आएको जगजाहेर छ। श्रीपेच नभिर्नुले सामन्तवाद कायम भए-नभएको निरूपण गर्दैन । यो व्यवस्था कम्युनिस्ट, देशभक्त र उत्पीडित जनताद्वारा पुँजीवादी जनवादी क्रान्तिको सँघारमा देश पुग्नै लाग्दा साम्राज्यवाद, दलाल पुँजीवाद र आत्मसमर्पणवादी गृहमन्त्री बादलको शब्दमा 'लालगद्दार' को अवैध सन्तान हो जसले देशलाई रसातलतिर घिसार्दैछ।

प्रतिवेदन पृष्ठ १५ (घ) मा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सम्प्रभुत्वलाई संविधानमा मौलिक हक सुनिश्चित गरिएकोलाई ठूलो उपलब्धि भनिएको छ । संविधान त पञ्चायती व्यवस्थाको पनि नराम्रो थिएन । २०४६ को संविधानलाई संसारकै उत्कृष्ट भन्दै वली महोदय नै कमा र पूर्णविराम पनि परिवर्तन गर्न नसक्ने भन्थे। मौलिक हकको प्रयोग कस्तो छ ? मूल विषय हो । शिक्षा वर्गीय छ । शासक र शासितका लागि अलगअलग छ। उपचार नपाएर नागरिक मरिरहेका छन् । 'फ्रेस हुन' देश लुटेर ठालुहरू विदेश सयर गर्छन्। लाखौँ युवाहरू रोजगार खोज्न विदेश जानुपर्छ जसले समाज विघटित भएको छ। सुकुमबासीको झुप्रामा आगो झोसिन्छ । देशमा कृषिलाई निरुत्साहित गरिएको छ । अन्तर्राष्ट्रिय मुद्राकोष र विश्वबैङ्कको दबाबमा कृषि अनुदान कटौती हुन्छ। जलस्रोत भारतलाई बुझाइन्छ र नेपालमा बाढी र मरुभूमीकरण गरिएको छ। कहाँ छ महोदय तिम्रो संविधानको खाद्य सम्प्रभुता ?

राजनीतिक प्रतिवेदन (पृष्ठ २६-२९) मा नेपालका विभिन्न दलहरूको चर्चाअन्तर्गत काङ्ग्रेसलाई दलाल पुँजीपति वर्गको पार्टी भनिएको छ। नेपालमा न पुँजीवादी व्यवस्था छ, न त समाजवादी व्यवस्था छ । दलाल पुँजीवादी व्यवस्था कायम छ र त्यसको प्रतिनिधित्व वली-दाहाल नेतृत्वको दलले गरिरहेको छ। दलाल पुँजीवादी सत्ताका विभिन्न हाँगाहरूले कसरी फरक-फरक विचार र राजनीतिको प्रतिनिधित्व गर्छन् ? वैचारिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, आचरण-व्यवहार, वैदेशिक सम्बन्ध कुनै विषयमा दाहाल, देउवा र वलीबीच फरक छैन । आधारभूत रूपमा अन्तर पनि छैन। सन् १९५० लगायत असमान सन्धि खारेजीका विषयमा बोल्नसम्म नसक्ने वली-दाहाल गुटले काङ्ग्रेसलाई आत्मसमर्पणवादी आरोप लगाउनु हास्यास्पद विषय हो । प्रतिवेदनको (पृष्ठ ३१-४२) सिंहवलोकन खण्डमा क्रान्तिकारी धाराको तेजोबध गरिएको छ। ने.क.पा. का संस्थापक अध्यक्षलाई हटाउने र किसान आन्दोलनमाथि गद्दारी गर्ने मनमोहन, किसान नेता भीमदत्त पन्तसहित सहिद बलिदान, झापा विद्रोह, जनयुद्ध, किसान विद्रोह र आत्मसमर्पण तथा पलायनका करतुत सबैलाई घालमेल पारेर भयावह कोलाहल सिर्जना गरिएको छ । विभ्रमको खेती गरिएको छ । क्रान्तिकारी मार्क्सवादमाथि दलाल पुँजीपति वर्गको अश्लील र अनैतिक अतिक्रमण अरू के हुनसक्छ ?

प्रतिवेदनको (पृष्ठ ४२) सङ्गठनात्मक सिद्धान्त शीर्षकमा 'ने.क.पा. नेपाली सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो' भनिएको छ । सायद यो दाबी हेरेर आलुबारीको बुख्याँचा पनि पेट मिचिमिची हाँस्नेछ । एउटै मात्र ताजा उदाहरण हेरौँ- सर्वहारा श्रमजीवी वर्गको पार्टी नेतृत्वको सरकारले अमेरिकी साम्राज्यवादसँग लडिरहेको, नेपालको अहितमा कुनै कार्य नगरेको बरु थोरै भए पनि रोजगार दिएको उत्तरकोरियालाई पुँजी फिर्ता लैजान फर्मान गर्छ ? महोदय, तिमीहरू विश्वसाम्राज्यवादका कारिन्दा, आदेशपालक हौ । मालिकको निगाहामा जनतामाथि लुटको राज्य कायम गरेका छौँ र त्यो लुटेराराज्य ढल्ला भनेर थरथरी कामिरहेका छौ। एनसेलको रक्षक, ललिता निवास हडप्ने तत्व, वाइडवडी भ्रष्टाचारको तारतम्य मिलाउने, मेलम्ची भ्रष्टाचार गर्नेहरूको प्रतिनिधित्व र रक्षक को हो त ? युवाहरूलाई अरबसहित विश्वभरि खेदेर, भाडाका सिपाही बनाएर (मान्छे बेचेर) प्राप्त विप्रेषणले होलीवाइनमा मात्तिने नराधमहरूले आफूलाई सर्वहारा वर्गको प्रतिनिधि दाबी गर्दा चिता पनि अभयसित हाँसिरहेको होला।

राजनीतिक प्रतिवेदन (पृष्ठ ६१) मा राष्ट्रिय सुरक्षाको विषय उठान गरिएको छ तर गोलमाल शब्दहरूको जुलुसबाहेक अरू केही छैन । राष्ट्रिय सुरक्षाको पहिलो सर्त आत्मनिर्भर अर्थतन्त्र हो । असमान सन्धिको खारेजी हो । दुईतिहाइ बहुमतको सरकारले देशलाई भाडाको सिपाही जन्माउने देश, वैदेशिक रोजगारका नाममा नयाँ दासमालिकको देशबाट मुक्त गर्नेतिर सिन्को भाँचेको छैन। चीन र भारतलाई आ-आफ्नो उत्पादन बेच्न नेपालमा सडक विस्तार गर्नु परेको छ। उनीहरूको स्वार्थ र प्राथमिकताको नारामा मारुनी नृत्य नाचेर राष्ट्रिय सुरक्षा हुन्छ ? भारतले ७१ स्थानमा सीमा अतिक्रमण गरेको छ। त्यो विषय राष्ट्रिय सुरक्षामा पर्छ कि पर्दैन ? कालापानीमा भारतीय सेनाको परेड चलिरहेको छ। त्यो विषय राष्ट्रिय सुरक्षामा पर्छ कि पर्दैन ? लिपुलेकमाथि भारत र चीनको हेपाइचेपाइ राष्ट्रिय सुरक्षाको विषय हो कि होइन ? यी विषयमा प्रवेश नै नगरी काइते भाषा र भगौडा मनोवृत्ति त्यहाँ स्पष्ट देख्न सकिन्छ।

सरकारी दलको राजनीतिक प्रतिवेदन 'खुला र स्पष्ट' छैन, 'छलछाम र षड्यन्त्र' छ। सायद देश र जनताप्रतिको बेमानी र धोका लुकाएर क्रान्तिकारी दाबी पनि गरेर दस्तावेज लेख्न लेखक महोदयलाई प्रश्नववेदना महसुस भएर होला । उनीहरूको यस्तो हर्कतको स्रोत वैचारिक पतन नै हो किनकि 'गलत आचरण र व्यवहार, गलत चिन्तनकै परिणाम हुन् ।' उनीहरूको यात्रा दलाल पुँजी रक्षा र विकास हो । समाजवादसँग त्यसको गोरु बेचेको साइनो छैन। नरकको बाटो हिँडेर स्वर्गमा पुग्न सकिन्न।

पृष्ठ १ बाट क्रमशः

## अस्वस्थ सत्ता ...

नेपाली जनतालाई सरकारले अघि सारेको आकर्षक नारा 'समृद्ध नेपाल, सुखी नेपाली' वास्तवमै लागू गर्ने हो भने त्यसको पहिलो सर्त अथवा न्यूनतम् रूपमा पुँजीवादी क्रान्तिले समाधान गर्नुपर्ने सर्त राष्ट्रिय पुँजीको विकास गर्ने आधार तयार गर्नु हो । तर नेपालका सामाजिक दलाल पुँजीवादीहरूले संविधानमा 'सामाजवाद उन्मुख' भन्ने त लेखेका छन् तर त्यसमा समाजवादको सिङ-पुच्छर कतै भेटिँदैन ।

दलाल पुँजी र राष्ट्रिय पुँजीका बीचको भिन्नता के हो भने व्यापार सन्तुलनमा चल्न सक्षम पुँजी राष्ट्रिय पुँजी हो र सम्पूर्ण रूपले विदेशी सम्पत्ति, उत्पादन र विनिमयमा चल्ने अर्थतन्त्र दलाल पुँजी हो । नेपालको दलाल शासक वर्गले देशका सम्पूर्ण राष्ट्रिय उद्योगहरू बन्द गऱ्यो र सम्पूर्ण अर्थतन्त्र आर्थिक प्रणालीलाई परनिर्भर बनायो ।

माथि नै बताइसकिएको छ, दलाल पुँजीवादी व्यवस्था एउटा बिरामी, अस्वस्थ र मरणासन्न व्यवस्था हो । यसको समाज सञ्चालन गर्ने समाधान पनि त्यही प्रकारले बिरामी, अस्वस्थ र मरणासन्न हुने गरेका छन् जो सामान्यतया विश्वका जनताले र विशेषतः नेपाली जनताले सहज रूपले अनुभूति गर्न सक्छन् । यो सत्ताका अस्वस्थ र मरणासन्न समाधानहरू सरकार र सत्ताका हरेक कदममा देख्न सकिन्छ । यहाँ केही उदाहरणहरू लिन सकिन्छ ।

पहिलो, गणतन्त्रको उपहार गाउँगाउँ सिंहदरबारलाई लिऊँ । राणाकाल होस् वा पञ्चायतकाल, सुधारिएको पञ्चायत होस् वा राजतन्त्रात्मक बहुदलीय व्यवस्था यी सबै व्यवस्थामा भ्रष्टाचार, तस्करी, कमिसनखोरी सिंहदरबारबाट हुने गर्थ्यो । एमाले-माके मिश्रित नेकपाको सरकारले यो सिहदरबारलाई गाउँगाउँमा पुऱ्याउने उद्घोष गरे जसको परिणाम अहिले गाउँगाउँमा भ्रष्टाचार, तस्करी, कमिसनखोरी गएको छ । के यो गाउँगाउँमा सिंहदरबार गएको कारण काठमाडौँको सिंहदरबारमा यी कामहरू नभएको अवस्था हो त ? बिल्कुल होइन, बरु के भएको छ भने गाउँगाउँमा हुने भ्रष्टाचारले सिंहदरबारको भ्रष्टाचारलाई छोप्न खोजिएको छ ।

दोस्रो, अर्थमन्त्रीको उद्घोष छ : सुरुका तीन वर्ष गाली खाने बजेट, पछिका दुई वर्ष ताली खाने बजेट । यी वाक्यांशको संयोजन धेरै सोचविचार गरी गरिएको प्रतीत हुन्छ । यसले बाहिर मानिसले गर्ने आलोचनालाई पहिले नै उजागर गरिएको छ । त्यसको तात्पर्य के प्रस्ट भएको छ भने सुरुका तीन वर्षहरूमा सरकारका प्रमुखहरूले पहिलेको चुनावी खर्च पूरा गर्नुपर्ने छ र आगामी चुनावका लागि खर्च जुटाउनुपर्ने छ । अहिलेको राज्यव्यवस्थामा यो काम भ्रष्टाचार, तस्करी, कमिसनखोरी नगरीकन सम्भव हुन सक्दैन । विगतको चुनावी खर्च र आगामी खर्च जोहो गर्ने काम सकिनसकी तीन वर्षहरूमा पूरा गर्नुपर्ने छ । यसो गर्दा निश्चित रूपले सुरुका तीन वर्षहरूमा देशले गालीको बौछार गर्नेछ । त्यसपछि सुरु हुनेछन् ताली खाने वर्षहरू । पछिका दुई वर्षहरूमा जनताको भोट पनि फकाउनुपर्ने र खर्च पनि मनग्गे जुटिसकेको हुने अवस्थामा अनेक प्रकारका प्रलोभनकारी योजनाहरू तर्जुमा गरिनेछ जसमा मानिसको हातहातमा रुपैयाँको थैली थमाउन सकियोस् । यो प्रक्रियामा तालीको अपेक्षा गरिएको छ ।

तेस्रो, प्रधानमन्त्रीले उद्घोष गरेका छन्, समृद्ध नेपाल सुखी नेपाली र भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ । यो नारा अहिले कङ्गाल नेपाल दुःखी नेपालीमा रूपान्तरित भएको छ र भविष्यमा पनि यही हालत हुनेछ । अनि भ्रष्टाचारको सन्दर्भमा मजाकको विषय के बनेको छ भने सरकारका कुनै पनि निकाय भ्रष्टाचार नगर्ने भएका छन् किनभने भ्रष्टाचारलाई वैधानिकता दिइएको छ र कानुनी रूपमा जे कार्यलाई विगतमा भ्रष्टाचार भनिन्थ्यो, त्यसलाई अहिले भ्रष्टाचारको क्षेत्रमा नपर्ने बनाइएको छ । यसरी विगत र अहिलेको सन्दर्भमा भ्रष्टाचारको परिभाषा बदलिएको छ ।

चौथो, संविधानमा राजनीतिक स्वतन्त्रताको कुरा गरिएको छ । व्यवहारमा राजनीतिक विषय उठाएको अभियोगमा पाँच लाख, दस लाख धरौटी माग गरिएको छ । संविधान अनैतिक मानिसहरूका लागि कागजको खोस्टो हुने गर्छ । सामाजिक दलाल पुँजीवादी केपी-प्रचण्डको सरकारले सम्पूर्ण राजनीतिक नैतिकता समाप्त गरेर देशको राष्ट्रियता, जनतन्त्र, जनजीविका सम्बद्ध समस्या समाधान गर्न वैज्ञानिक विकल्प दिने नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्तामाथि थुनछेक मात्र गरेको छैन, हत्यासम्म गरेको छ र देशको भ्रष्टाचार, महँगी, तस्करी, मानव बेचबिखन, सीमा समस्या, कालापानी, लिपुलेक, माथिल्लो कर्णाली, अरुण तीनलगायत मुद्दाहरू समाधान गर्नुको सट्टा यी विषय उठाउने राजनीतिक पार्टी, नेताहरूमाथि मुद्दा लगाउने, पाँच लाख, दस लाख धरौटी माग गर्ने र पूरै फासिवाद लागू गर्ने काम गरिएको छ । यसबाट संविधानमा लेखिएको 'वाक्स्वतन्त्रता' केबल कागजको खोस्टो बनाइएको छ र सत्तासीनहरूका लागि नेपाली नाजीहरूको प्रशंसा गर्ने साधनबाहेक केही भएको छैन । औपचारिक रूपमा वाक्स्वतन्त्रतामाथि प्रतिबन्ध लगाइएको छ । बहुमतको सरकार बनेपछि सत्ताधारीहरूले भ्रष्टाचार, अनियमिततालाई प्रोत्साहित गर्ने बजेटका विरुद्ध बोल्न खोज्दा, देशलाई कङ्गाल बनाउने, आर्थिक रूपले टाटपल्टाउने सरकारी नियत र तरिकाहरूका बारेमा तर्कहरू अघि सार्दा आफ्नै माननीयहरूमाथि प्रतिबन्ध लगाइयो । देशलाई पराधीन बनाउने सरकारी नीतिलाई आँखा बन्द गरेर ताली बजाउन भनियो । बाहिर सडकमा बोल्न प्रतिबन्ध लगाइएको छ । वाक्स्वतन्त्रताको योभन्दा मजाक के हुन सक्छ ? वाक्स्वतन्त्रतासम्बन्धी योभन्दा फासिवादी नीति के हुनसक्छ ?

पाँचौं, देश सञ्चालन गर्नका लागि मन्त्री, सचिव र कर्मचारीहरूलाई कार्यसम्पादन सम्झौता गर्दै ठेकेदारी प्रथामा लगिएको छ । दलाल पुँजीवादको विशेषता दलाली, कमिसन, भ्रष्टाचारमा रमाउनु हो र यसले त्यही प्रकृतिको बुद्धिको विकास गर्ने हुन्छ । मार्क्सले समाजमा चार प्रकारका सङ्घटक प्रवृत्ति अनिवार्य रहने बताउनुभएको थियो : उत्पादन सम्बन्ध, त्यो उत्पादन सम्बन्धको जगमा सामाजिक सम्बन्ध, त्यो सामाजिक सम्बन्धसँग मेल खाने सांस्कृतिक सम्बन्ध र त्यो सांस्कृतिक सम्बन्धले पैदा गर्ने विचार सम्बन्ध । यी चार सम्बन्धहरू जुनसुकै समाज भए पनि त्यो समाजअनुसार विकसित भइरहने कुराहरू हुन् । यी सम्बन्धहरूको आधार भनेको उत्पादन सम्बन्ध हो । जस्तो प्रकारको उत्पादन सम्बन्ध छ त्यसको सामाजिक सम्बन्ध, सांस्कृतिक सम्बन्ध र विचारको सम्बन्ध पनि त्यही प्रकारको हुन्छ । दास, सामन्त, पुँजीवाद तथा समाजवादी समाजहरूमा त्यहाँको उत्पादन सम्बन्धले अरू सम्बन्धहरू निर्धारण गरेको हुन्छ । अब अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपालमा दलाल पुँजीवादी उत्पादन सम्बन्धले यहाँको, मूलभूत रूपमा यहाँका शासकहरूको, समाजिक सम्बन्ध, सांस्कृतिक सम्बन्ध र विचार सम्बन्ध पनि दलाल प्रकृतिको विकास भैरहेको हुन्छ । जबसम्म दलाल पुँजीवादी व्यवस्था बदलिँदैन, तबसम्म यो सम्बन्धमा परिवर्तन आउँदैन । त्यही कारण हो- नेपाल सरकारको नसानसामा दलाल प्रवृत्ति हाबी भएको छ । राज्य सञ्चालनको जिम्मा लिएको मन्त्रीलाई फेरि सत्ता सञ्चालन गर्न ठेक्का दिनुपर्ने ? यो अभ्यास विश्वका जुनसुकै मुलुकमा भएको भए पनि त्यसको प्रकृति एकाधिकार पुँजीवादले पैदा गरेको दलाल पुँजीवाद हाबी भएका देशहरूमा मात्र हुन सक्छ ।

यो कुरा प्रस्ट हुन आउँछ- जब देश अस्वस्थ छ, जब यो देशको सोच्ने मस्तिष्क अस्वस्थ छ तब यसले सोच्ने तरिका र निकाल्ने समाधान पनि अस्वस्थ हुन पुग्छ । अहिले चाहे एनसेलको कर मिनाहा गर्ने खेलमा होस् वा देशका प्राकृतिक सम्पदाहरू बिक्री गर्ने सन्दर्भमा, चाहे त्यो अनुत्पादक विदेशी ऋणमा देशलाई डुबाउने सन्दर्भमा होस् वा देशका उद्योगहरू बन्द गर्ने सन्दर्भमा, चाहे त्यो सत्ता सञ्चालन गर्ने विधि तय गर्नेमा होस् वा कार्य सम्पादन गर्ने प्रश्नमा, सबै प्रश्नमा जुन समाधान निकालिन्छ, ती सबै अस्वस्थ हुन्छन्, मरणासन्न हुन्छन् र तिनले काम गर्न सक्दैनन् ।

यसको वास्तविक समाधान भनेको यो पुरानो, अस्वस्थ, मरणासन्न संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्नु हुन आउँछ ।

## नेकपाका कार्यकर्ता ...

गुरुङलाई प्रहरीले पुनः गिरफ्तार गरेको हो ।

बन्दी प्रत्यक्षीकरण रिट निवेदनमाथिको बहसपछि सर्वोच्च अदालतका न्यायाधीश टङ्कबहादुर मोक्तान र विश्वम्भरप्रसाद श्रेष्ठको संयुक्त इजलासले निर्दोष ठहर गर्दै रिहा गर्न आदेश दिएको थियो तर रिहा भएलगत्तै गेटबाहिर सशस्त्र रूपमा तैनाथ प्रहरीको टोलीले उनीहरूलाई गिरफ्तार गरेको हो ।

तीनैजनाका तर्फबाट उब्जन पुनले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट निवेदन दर्ता गराएका थिए । भदौ २२ गते दायर उक्त रिटमा सर्वोच्च अदालतमा बिहीबार भएको बहसमा रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखेलगायतले बहस गरेका थिए । गत वैशाख २६ मा कास्कीको उरी गाउँपालिका वडा नम्बर ११ बाट बैठक बसिरहेको अवस्थामा प्रहरीले घेरा हाली उनीहरूलगायत २२ जनालाई गिरफ्तार गरेको थियो । अदालतको आदेशमा अन्य रिहा भए पनि राई, भण्डारी र गुरुङलाई भने प्रहरीले विभिन्न आरोपमा आधा दर्जन जिल्ला घुमाइसकेको छ । सर्वोच्च अदालतले उनीहरूमाथिको अभियोग पुष्टि हुने आधार र प्रमाण नदेखिएको भन्दै रिहा गर्न आदेश दिएको थियो ।

# कालीकोटमा सरकारविरुद्ध युवाहरूको मार्चपास्ट

**कालीकोट** : नेपाल कम्युनिस्ट पार्टीले कालीकोटको रास्कोट नगरपालिकामा सरकारविरोधी प्रदर्शन गरेको छ । मङ्गलबार नेकपाले रास्कोटको आरसीपी बजारमा मार्चपास्टसहित प्रदर्शन गरेको हो ।

सरकारका विरुद्ध प्रदर्शन गर्दै नेकपाले विरोधसभाको आयोजनासमेत गरेको छ । सभामा नेपाल कम्युनिस्ट पार्टी कालीकोट जिल्ला इन्चार्ज विराट भण्डारीले आफूहरूमाथिको दमन नरोकिए जनप्रतिनिधिलाई गाउँबाट लखेट्ने चेतावनी दिए । सरकारको प्रतिबन्धको सामना गर्दै आफूहरू निरन्तर क्रान्तिको बाटोमा अघि बढिरहेको भन्दै नेता विराटले जस्तोसुकै चुनौती र अवरोधको सामना गरेर पनि एकीकृत जनक्रान्तिलाई निर्णायक बिन्दुमा पुऱ्याउने अठोट व्यक्त गरे । सत्तारूढ कम्युनिस्ट पार्टीले कम्युनिस्ट मूल्य, मान्यता र विचारको बदनाम गरिरहेको तर यथार्थमा उनीहरू कम्युनिस्ट नभएको उनको भनाइ थियो । अहिलेको प्रक्रियाबाट शान्ति र समृद्धि सम्भव नरहेको धारणा राख्दै विराटले आफ्नो अभियानमा सहयोग गर्न बुद्धिजीवी, शिक्षक, कर्मचारी र आमजनतालाई अपिल गरे ।

कार्यक्रममा दलित मुक्ति मोर्चाका केन्द्रीय सचिवालय सदस्य साहसीले वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र दलितको हकअधिकार सुनिश्चित हुने धारणा राखे । जनसभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका कालीकोट जिल्ला सेक्रेटरी रणदीप ऐडीले नेकपाको नीति र कार्यक्रमदेखि तर्सिएर सरकारले प्रतिबन्ध लगाएको धारणा व्यक्त गरे । पार्टीले निर्देशन गरे एकै रातमा सम्पूर्ण स्थानीय सरकार कब्जामा लिने क्षमता आफूसँग रहेको भन्दै ऐडीले आफ्नो धैर्यको बाँध टुट्नसक्ने खतरा औंल्याए ।

कार्यक्रममा युवा सङ्गठन नेपालका कर्णाली ब्युरो संयोजक शीतल बिष्टले राष्ट्र र जनताको मुक्तिका लागि आफूहरू जुनसुकै प्रकारको बलिदान गर्न तयार रहेको बताए । त्यसैगरी नेकपा कालीकोट जिल्ला सदस्य तथा एरिया नं. ३ का इन्चार्ज कञ्चन शाहीले आफ्नो कार्यक्रमलाई अवरोध गर्न खोज्नेहरूसँग उचित समय आएपछि हिसाब गरिने चेतावनी दिए । विरोध प्रदर्शन र विरोधसभासँगै नेकपाले युवा सङ्गठन र दलित सङ्गठनको जिल्ला भेला पनि सम्पन्न गरेको छ ।

# आस्थाका आधारमा सरकारी दमन बन्द गर : अरुण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका जनकपुर ब्युरो सदस्य तथा महोत्तरी जिल्ला सेक्रेटरी भीम आलेमगरलाई प्रहरीले गिरफ्तार गरेको छ । आफ्नै घरमा खाना खाइरहेको अवस्थामा बिहीबार गौशाला इलाका प्रहरी कार्यालयबाट आएको प्रहरी टोलीले गैरकानुनी तथा अमानवीय ढङ्गले गिरफ्तार गरेको नेकपाले जनाएको छ ।

नेकपाका जनकपुर ब्युरो इन्चार्ज अरुणले बिहीबार प्रेसविज्ञप्ति जारी गर्दै असार ५ गते नेकपाका जनकपुर ब्युरो सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेललाई नियन्त्रणमा लिई कायरतापूर्वक हत्या गरेको सरकारले आफ्नो पार्टीका महोत्तरी सेक्रेटरी भीम आलेलाई गिरफ्तार गरेको बताएका छन् । साथै इन्चार्ज अरुणले केपी-प्रचण्डमण्डली सरकारले गैरराजनीतिक, गैरकानुनी र कायरतापूर्ण अमानवीय हर्कत गरेको भन्दै उक्त हर्कतको आफ्नो पार्टीले घोर विरोध तथा भर्त्सना गर्ने बताएका छन् । साथै उनले भीम आलेलगायत गिरफ्तार गरिएका सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न पनि माग गरेका छन् ।

इन्चार्ज अरुणले आस्थाका आधारमा गिरफ्तार गरिएका भीम आलेमगरलगायत झूट्टा अभियोग लगाई विभिन्न जेल र हिरासतमा राखिएका सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई तत्काल र बिनासर्त ससम्मान रिहा गर्न आग्रह गर्दै अन्यथा त्यसका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्ष गर्न बाध्य हुने र त्यसको जिम्मेवार सरकार आफैँ हुनुपर्ने चेतावनी पनि दिएका छन् ।

## मेची-कोशी ...

अखडामा निरन्तर जनप्रतिरोध कारबाही हुन थालेपछि आत्तिएका जनताका दुस्मनहरूले हाम्रो पार्टीमाथि षड्यन्त्र गरिरहेका छन् । दलालहरूको स्वार्थको मतियार रहेका प्रहरीका केही हाकिमहरू कथित शान्तिसुरक्षाको हवाला दिँदै राष्ट्र र जनताका विपरीत दलालहरूकै स्वार्थमा बढी काम गरिरहेका छन् । यो गतिविधिले राष्ट्रलाई शान्तितिरभन्दा झन्झन् उग्र विस्फोटतर्फ प्रेरित गरिरहेको छ । यसले भविष्यमा कसैलाई फाइदा नपुग्नेतर्फ सचेत रहन आग्रह गर्दै यसप्रकारको आपराधिक दमन तुरुन्त बन्द गर्न अनुरोध गर्दछौँ ।'

अनुले विज्ञप्तिमा भनेकी छिन्, 'हाम्रा गिरफ्तार कमरेडहरू लक्ष्मण पौडेल, सन्तोष बिष्टलगायत सम्पूर्ण बन्दी कमरेडहरूलाई बिनासर्त तुरुन्त रिहा गरियोस् । भाबी दिनमा उत्पन्न हुनसक्ने अप्रिय दुर्घटनाप्रति गम्भीर बन्न र सोहीअनुरूपको व्यवहार देखाउन राज्य पक्षलाई आग्रह गर्दछौँ । अन्यथा जनताको बीचमा तमाम हर्कतहरूको फैसला उचित समयमा हुनेछ ।'




शुभकामना

२०७६ सालको बडा दशैं, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कुमारी कमला राई, प्रिन्सिपल,
दिलेन्द्र ढकाल अध्यक्ष
जनकल्याण उ.मा.वि.
बौद्ध महांकाल-६, काठमाडौं

# कार्यकर्ता रिहा नगरे प्रतिरोध गर्ने नेकपाको चेतावनी

**भोजपुर** : नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरो सदस्य तथा भोजपुर जिल्ला सेक्रेटरी बमबहादुर बिष्ट 'बम' लाई नियमित पार्टी कामको सिलसिलामा बाटोमा हिँडिरहेको अवस्थामा यही असोज ५ गते आइतबार दिउँसो १ बजे प्रहरीले भोजपुर नगरपालिका वडा नं. १० भैँसीपङ्खास्थित गजुरमुखी भिरनजिकैबाट बिनाकारण गिरफ्तार गरेको भन्दै पार्टीको सगरमाथा ब्युरोले घोर भर्त्सना गरेको छ।

सगरमाथा ब्युरोले आइतबार प्रेसविज्ञप्ति निकाली पार्टी कामको सिलसिलामा रहेका बमलाई दलाल सत्ताका पालित-पोषित सीआईडीहरुले गिरफ्तार गर्न लगाएको भन्दै यस्ता हर्कत रोक्न उनले चेतावनी दिएको छ । बमलाई बिनासर्त ससम्मान रिहा नगरे त्यसबाट उत्पन्न परिस्थितिको सामना दलाल सत्ता र सम्बन्धित पक्षले नै गर्नुपर्ने चेतावनी ब्युरोले दिएको छ।

सगरमाथा ब्युरोले विज्ञप्तिमा भनेको छ, 'नेपाली श्रमजीवी जनताको पार्टी नेपाल कम्युनिस्ट पार्टी यतिबेला जनताको मुक्तिका लागि निरन्तर सङ्घर्षमा अगाडि बढिरहेको छ । दलाल सामाजिक फासिवादी केपी एन्ड बादल कम्पनीले देशैभर भीषण दमन चलाइरहेको छ । जनतालाई आतङ्कित बनाउँदै धरपकड, गिरफ्तार, दमन र हत्यासम्मको गतिविधि बढाइरहेको छ । यो दलाल सत्ताले जनतालाई न्याय दिन कहिल्यै पनि सोचेन, बरु त्यसको सट्टा महँगी, भ्रष्टाचार, राष्ट्रघात, अशान्ति, गरिबी, चर्को कर, राष्ट्रिय सम्पत्तिमाथिको लुटपाट मच्चाइरहेको छ । सामाजिक फासिवादको विकल्प अब वैज्ञानिक समाजवाद नै हो भन्ने बहस समाजमा स्थापित भएर गएको हुँदा गिरफ्तार र दमनचक्रको हर्कत राज्य गर्दै गइरहेको छ।'

विज्ञप्तिमा भनिएको छ, 'यसै सन्दर्भमा हाम्रो पार्टीका ब्युरो सदस्य तथा भोजपुर जिल्ला सेक्रेटरी क.बमलाई पार्टी तथा जनताको नियमित कामको सिलसिलामा बाटोमा हिँडिरहेको बेला २०७६ असोज ५ गते दिउँसो १ बजे भोजपुर नगरपालिका १०, भैँसीपङ्खाबाट बिनाकारण गिरफ्तार गरेको छ । दलाल सत्ताका पालित-पोषित सीआईडी-सुराकीलाई यस्ता हर्कत रोक्न हाम्रो पार्टी जोडदार माग गर्दछ र कमरेड बमलाई बिनासर्त ससम्मान रिहा गरियोस् । सुनुवाइ नगरी रिहा नगरिए यसबाट उत्पन्न परिस्थितिको सामना दलाल सत्ता र सम्बन्धित पक्षले नै बेहोर्नु पर्नेछ।'

# पूर्वमा युवाहरूको भेला

**काठमाडौँ** : राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आम युवाहरू एक हौँ ! वैज्ञानिक समाजवादका लागि सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा अघि बढौँ ‼ मूल नार ासहित सुरु भएको ३ महिने सङ्गठन सुदृढीकरण तथा बिस्तार अभियानअन्तर्गत उदयपुर जिल्लामा युवा सङ्गठन नेपालको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । सयौँ युवाहरूको उपस्थितिमा सम्पन भएको भेलालाई सङ्गठनका केन्द्रीय कोषाध्यक्ष रोज र नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरो संयोजक शैलेशले सम्बोधन गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै रोजले जनयुद्धको नेतृत्व गरेका नेताहरूले विस्तारवाद र साम्राज्यवादसामु घुँडा टेकेका कारण अहिले पनि नेपाली युवाहरूले विदेशीको गुलाम हुनुपरेको बताए । उनले भने, ' हामी अझै पनि सचेतताका साथ क्रान्तिको बाटोमा नलाग्ने हो भने २१ औँ शताब्दीको युवा हुनुको अर्थ हुँदैन । यसर्थ नौजवान युवाहरू नेपाल कम्युनिस्ट पार्टीको युवा सङ्गठनमा एकाकार भएर वैज्ञानिक समाजवाद प्राप्तिको बाटोमा लाग्नुपर्छ।'

यसैगरी कार्यक्रमका अर्का वक्ता शैलेशले युवाहरू देशको संवाहक शक्ति भए पनि नेपाली युवाहरू विदेशमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य भएको भन्दै यसको मूल कारण अहिलेको दलाल संसदीय पुँजीवादी व्यवस्था रहेको बताए । आफ्नो पार्टीले लिएको एकीकृत जनक्रान्तिको कार्यदिशाबाट मात्रै अहिलेको अवस्थामा वैज्ञानिक समाजवाद आउने र समग्र राष्ट्र, जनता र युवाहरूले गुलाम बन्नुपर्ने अवस्थाबाट मुक्ति पाउने उनको भनाइ थियो। कार्यक्रममा नेकपा उदयपुर जिल्ला इन्चार्ज श्याम र जिल्ला सेक्रेटरी प्रशान्त पनि अतिथिका रूपमा उपस्थित थिए । भेलाले चन्द्र कटुवालको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ। कार्यक्रमको अध्यक्षता चन्द्र कटुवालले गरेका थिए भने सञ्चालन किरण बिष्टले गरेका थिए।

# अखिल (क्रान्तिकारी) दाङको अध्यक्षमा केसी

**दाङ** : नेपाल कम्युनिस्ट पार्टीको जनवर्गीय सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) दाङको २३ औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । शैक्षिक माफिया दलाली तथा प्रतिबन्धका विरुद्ध विद्यार्थी आन्दोलन ! शैक्षिक समानता तथा वैज्ञानिक समाजवादका पक्षमा २३ औँ दाङ जिल्ला सम्मेलन ‼ मूल नाराका साथ अनिल केसीको नेतृत्वमा २९ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै सम्मेलन भव्य रूपमा शुक्रबार दाङमा सम्पन्न भएको छ।

सम्मेलनले उपाध्यक्षमा अमर खड्का, सचिवमा खुमन पौडेल, सहसचिवमा शरद खत्रीलाई सर्वसम्मत निर्वाचित गरेको छ । सम्मेलनमा अखिल (क्रान्तिकारी) का केन्द्रीय महासचिव प्रकाश शाहीले विद्यार्थी उत्पादनको क्षेत्र पनि भएकाले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने जनशक्ति निर्माण गर्ने शक्ति बन्न विद्यार्थीलाई आह्वान गरे। विश्वविद्यालय र कलेजहरूले देशको आमूल परिवर्तनका लागि आवश्यक पर्दा जुनसुकै क्षेत्रको नेतृत्वदायी भूमिका निर्वाह गर्न जरुरी भएको उनले बताए। दुई किसिमको शिक्षाप्रणाली थोपरेर अहिलेको राज्यसत्ताले विभेद जन्माइरहेको भन्दै यसलाई अन्त्य गरी समान शिक्षा, वैज्ञानिक समाजवादी शिक्षाका लागि निर्मम सङ्घर्षमा सबैले भाग लिनैपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी दाङ जिल्ला इन्चार्ज विक्रमले आफ्नो पार्टीले युद्ध नचाहेको नभई नेपाली जनतामाथिको राज्यको विभेद, शोषण र अन्याय अन्त्य गर्ने क्रान्ति गरिरहेको बताए । त्यस्तै कार्यक्रममा बोल्दै दाङ जिल्ला सेक्रेटरी नरेशले क्रान्तिकारी विद्यार्थीहरू अग्रगामी विचार बोकेको शक्ति भएकाले सभ्य र अनुशासित भएर देशको सम्पूर्ण परिवर्तनका लागि जनक्रान्तिमा विद्यार्थीको योगदानको आवश्यकता रहेको बताए।

अखिल (क्रान्तिकारी) राप्ती संयोजक दीपक बिष्टले प्रतिबन्धलाई छिचोल्दै शिक्षा क्षेत्रमा भएको विकृति-विसङ्गति अन्त्य गर्न र शैक्षिक माफियाका विरुद्ध अझ सशक्त ढङ्गले अगाडि बढ्न विद्यार्थीलाई अपिल गरे । अनिल केसीको अध्यक्षतामा सम्पन्न सम्मेलनमा जिल्ला जनपरिषद् प्रमुख कुशल, विभिन्न जनवर्गीय सङ्गठनका प्रमुखले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन अमर खड्का र स्वागत मन्तव्य दीपेन्द्र वलीले दिएका थिए।

# अखिल (क्रान्तिकारी) को काठमाडौँ जिल्ला सम्मेलन सम्पन्न

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को २५ औँ काठमाडौँ जिल्ला सम्मेलन सम्पन्न भएको छ। वैज्ञानिक समाजवादी शिक्षा प्राप्तिका लागि हाम्रो आन्दोलन ! शिक्षामा माफियाकरण, दलालीकरण र भ्रष्टीकरणको अन्त्यका लागि २५ औँ काठमाडौँ जिल्ला सम्मेलन ‼ मूल नाराका साथ भएको जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न गरेको क्रान्तिकारीले जनाएको छ। सम्मेलनले गोविन्द विष्टको अध्यक्षतामा पाँच पदाधिकारीसहित ३५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

सम्मेलनका प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष रुद्र भट्टराई थिए । अतिथिहरू क्रान्तिकारीकै उपत्यका क्षेत्रीय समन्वय समिति संयोजक हर्कबहादुर विक, नेकपा काठमाडौँ जिल्ला सेक्रेटरी पवन, लेना, अविरललगायतको उपस्थिति थियो।

सम्मेलनमा प्रमुख अतिथि भट्टराईले अखिल क्रान्तिकारी विद्यार्थीहरूको हकअधिकारका लागि लड्ने सङ्गठन भएकाले शैक्षिक क्षेत्रका विकृति-विसङ्गतिविरुद्धको लडाइँमा काठमाडौँले नेतृत्व गर्नुपर्ने बताए।

त्यसैगरी उपत्यका क्षेत्रीय समन्वय समिति संयोजक विकले सङ्गठनले शैक्षिक क्षेत्रका दलाल र माफियाका कारण शिक्षा गरिबका छोराछोरीको पहुँचमा पुग्न नसकेको बताए । उनले शैक्षिक माफियाहरूलाई राज्यले नै संरक्षण गरेको बताउँदै वैज्ञानिक समाजवादमा मात्रै शिक्षामा जनताका छोराछोरीको पहुँच पुग्ने बताए। अहिलेको सरकार दलाल, ठेकेदार, माफियाहरूको पक्षमा लागेको भन्दै वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नुपर्ने उनले बताए।

नवनिर्वाचित कार्यसमितिलाई नेपाल कम्युनिस्ट पार्टीका काठमाडौँ जिल्ला सेक्रेटरी पवनले शुभकामना दिँदै दलाल व्यवस्थाका कारण शैक्षिक क्षेत्रमा दलालीकरण र माफियाकरण भएको बताए। उनले त्यसका विरुद्ध सङ्घर्ष थाल्न सुझाव दिए।

# प्रभातलगायत गिरफ्तार गरिएकाहरूलाई ससम्मान रिहा गर्न माग

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी रोल्पा जिल्लाले जिल्ला समिति सदस्य तथा त्रिवेणी गाउँपालिका इन्चार्ज खिमराज पुन 'प्रभात' लाई गिरफ्तार गरेको भन्दै ससम्मान रिहाइको माग गरेको छ। नेकपाले उपचारको सिलसिलामा दाङ गएको बेला तुल्सीपुरबाट दलाल सामाजिक फासिवादी केपी एन्ड बादल कम्पनीको गृह प्रशासनले गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको हो । रोल्पा जिल्ला सेक्रेटरी मानवले बिहीबार प्रेसविज्ञप्ति निकाली उपचारमा रहेका प्रभातलाई दलाल सत्ताका पालित-पोषित सीआईडी सुराकीले गिरफ्तार गर्न लगाएको भन्दै यस्ता हर्कत रोक्न जोडदार माग गरेका छन् । साथै मानवले जनतालाई आतङ्कित बनाउँदै धरपकड, गिरफ्तार, दमन र हत्यासम्मको गतिविधि बढाइरहेको भन्दै यो दलाल संसदीय व्यवस्था रहेसम्म भ्रष्टाचार, राष्ट्रघात, अशान्ति, गरिबी, चर्को कर, राष्ट्रिय सम्पत्तिमाथिको लुटपाट नरोकिने बताएका छन्।

# अखिल (क्रान्तिकारी) कैलालीको २१ औँ जिल्ला सम्मेलन



**काठमाडौँ** : अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) सेती-महाकाली ब्युरोअन्तर्गत कैलाली जिल्लाको २१ औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । असोज २ गते जनसंविधान घोषणा गरेको दिनको अवसर पारेर कैलालीको गौरी गङ्गा नगरपालिकाको बालुवा खोलामा बिहीबार जिल्ला सम्मेलन सम्पन्न गरिएको अखिल क्रान्तिकारीले जनाएको छ । सम्मेलनले पदम काफ्लेको नेतृत्वमा २५ सदस्यीय जिल्ला समिति गठन गरेको छ। सम्मेलनमा प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष चिरञ्जीवी ढकाल रहेका थिए भने अतिथिमा अखिल (क्रान्तिकारी) की केन्द्रीय सचिव सन्तोषी भट्टराई, नेकपाका कैलाली जिल्ला इन्चार्ज विवेक, जिल्ला सेक्रेटरी प्रकाश मल्लगायतको उपस्थिति थियो।


# शुल्क फिर्ता नगरिए अखिल क्रान्तिकारीले आन्दोलन गर्ने

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) चितवनले निजी विद्यालयहरूले वृद्धि गरेको शुल्क फिर्ता नगरे कडा आन्दोलन गर्ने चेतावनी दिएको छ। क्रान्तिकारीले चितवन जिल्लामा हिसाननामक संस्थामा आबद्ध निजी स्कुलहरूले कक्षा ११ मा २५ प्रतिशत शुल्क वृद्धि गरेकोमा गम्भीर ध्यानाकर्षण भएको भन्दै घोर आपत्ति व्यक्त गरेको छ।

अखिल (क्रान्तिकारी) चितवन जिल्ला संयोजक रेम्बोर्जे लामाले आइतबार प्रेसविज्ञप्ति निकाली सत्ताधारी राजनीतिक दलका नेताहरू नै शिक्षाको व्यापार गर्न अहोरात्र खटेको भन्दै शिक्षामा भएको माफिया, दलाली र व्यापारीकरणका विरुद्ध आन्दोलन गर्नु सचेत विद्यार्थीको कार्यभार भएको बताएका छन् । निजी स्कुलहरूले संविधानलाई ठाडो चुनौती दिँदै शुल्क बढाई गरिबका छोराछोरीलाई पढ्न पाउने अधिकारबाट वञ्चित गरेकाले वृद्धि गरिएको शुल्क फिर्ता गर्न जोडदार माग गरेका छन्। उनले वृद्धि गरिएको शुल्क फिर्ता नगरिए कडाभन्दा कडा आन्दोलन गर्ने चेतावनी पनि दिएका छन्।

# पार्टीको नाम दुरुपयोग नगर्न नेकपाको आग्रह

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको चितवन भरतपुर महानगर समितिले आफ्नो पाटीको नाम दुरुपयोग नगर्न आग्रह गरेको छ। भरतपुर महानगर समिति इन्चार्ज विजय शर्मा र सेक्रेटरी देवकुमारले शुक्रबार विज्ञप्ति जारी गर्दै चितवनको गैँडाकोट बस्दै आएका पोषकान्त चापागाईंले म नेपाल कम्युनिस्ट पार्टीको सदस्य हुँ भन्दै पार्टी र नेतृत्वका विरुद्ध भ्रामक कुरा गर्दै हिँडेको भन्दै आफ्नो पार्टी महानगर समितिको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । साथै विज्ञप्तिमा जानाजान केही व्यक्तिलाई पार्टीभित्र घुसपैठ गराएर पार्टीका विरुद्ध विभिन्न खालको भ्रम फैलाउन, विभिन्न व्यक्ति र संस्थालाई राज्यले प्रयोग गरेको भन्दै आफ्नो पार्टीको नाम दुरुपयोग नगर्न जोकोहीलाई पनि आग्रह गरिएको छ। साथै नेकपाले चापागाईं भन्ने व्यक्ति आफ्नो पार्टीको कुनै पनि समितिको सदस्य नरहेको र उक्त व्यक्तिले पार्टीको सदस्य हुँ भनी कतै पार्टीको दुरुपयोग गरेको पाइएमा आफ्नो पार्टीलाई खबर गरी सहयोग गरिदिनुहुन सम्पूर्ण महानगरबासीलाई आग्रह गरेका छन्।






# पुँजी सञ्चयले सर्वहारालाई दरिद्रतामा धकेलिदिन्छ



अनुवाद : भेषराज भुसाल

धनी र गरिबका बीचको ध्रुवीकरण पुँजी सञ्चयको सामान्य नियम हो ।

पुँजी सञ्चयका पुँजीपति वर्ग र सर्वहारा वर्गका निम्ति सर्वथा भिन्न परिणाम हुने गर्दछन् । बुर्जुवा वर्गका निम्ति पुँजी सञ्चयको प्रक्रिया पुँजीको वृद्धि र केन्द्रीकरण तथा उसको सम्पत्तिको विस्तारको प्रक्रिया हुने गर्दछ । सर्वहारा वर्गका निम्ति पुँजी सञ्चयको प्रक्रिया एउटा यस्तो प्रक्रिया हो जसमा 'मेसिनहरूले मजदुरहरूलाई विस्थापित गरिदिन्छन् ।' एउटा यस्तो प्रक्रिया जसमा बेरोजगारहरूको लाम बढ्दै जान्छ । मजदुरहरूको शोषण बढ्दै जान्छ र पूरै मजदुर वर्गको जीवनदशाहरू दिनप्रतिदिन खराबभन्दा खराब हुँदै जान्छ । पुँजीवादी समाजमा पुँजी सञ्चयका क्रममा अमीर र गरिबका बीचमा ध्रुवीकरण कसैको इच्छाले रोक्न सक्दैन । समाजको एउटा किनारामा सम्पत्ति सञ्चय हुने गर्दछ भने अर्को किनारामा 'गरिबी सञ्चय' मार्क्सले भन्नुभएको छ, 'यो पुँजी सञ्चयको निरपेक्ष र सामान्य नियम हो ।'७

मार्क्सद्वारा त्यस नियमबाट पर्दा हटाइदिनु अत्यन्त महत्वपूर्ण छ । यसले हामीलाई बनाउँछ सर्वहारा वर्गका दशाहरू र जीवनदशाहरू पुँजीवादी उत्पादन सम्बन्धहरूबाट निर्धारित हुने गर्दछन् । पुँजीवादी व्यवस्थामा उत्पादनको विकास सर्वहारा वर्गलाई गरिबीको कारण बन्न जान्छ ।

राष्ट्रिय आयाम सर्वहारा वर्गको हिस्सा लगातार घट्दै जानु सापेक्षिक गरिबीको कारण बन्दछ ।

राष्ट्रिय आय एक वर्षमा पूरै समाजको नयाँ सिर्जित मूल्यको कुल योग हुने गर्दछ । पुँजीवादी समाजमा राष्ट्रिय आय पहिले दुई भागमा बाँड्ने गरिन्छ- एक भाग मजदुरहरूको ज्यालामा जाने गर्दछ र अर्को भाग जुन अतिरिक्त मूल्यका रूपमा पुँजीपतिले लुट्ने गर्दछन् । पुँजीवादी विकासका क्रममा मजदुरहरू र पुँजीपतिहरूमा जाने आयका हिस्साहरूमा के हुने गर्छ ?

राष्ट्रिय आय पूर्ण रूपमा मजदुरद्वारा उत्पादन गरिन्छ र विस्तारित पुनरुत्पादनको प्रक्रियामा लगातार बढिरहन्छ । पुँजीवादमा घटिरहन्छ र पुँजीपति वर्गलाई जाने अतिरिक्त मूल्यको हिस्सा बढिरहन्छ । यस्तो परिघटनालाई सर्वहारा वर्गको सापेक्षिक दरिद्रीकरण भनिन्छ । अमेरिकी सरकारद्वारा जारी आँकडाहरूका अनुसार राष्ट्रिय आयमा अमेरिकी मजदुरहरूको ज्यालाको हिस्सा १८४३ मा ४५.८ प्रतिशत थियो । १८६६ मा ४३.५ प्रतिशत, १८९१ मा ४२.७ प्रतिशत, १९३८ मा ३७ प्रतिशत, १९४५ मा ३३.३ प्रतिशत र १९५६ मा २९.७ प्रतिशत थियो ।

उपरोक्त तथ्याङ्कबाट हामी देख्न सक्छौं- लगातार घट्दै गयो जब कि पुँजीपति वर्गले हड्पिएको सम्पत्ति लगातार बढ्दै गयो । श्रमदशाहरू र जीवनदशाहरूमा निरन्तर ओरालो लाग्नाले सर्वहारा वर्गलाई पूर्ण दरिद्रीकरणमा धकेलिदन्छ ।

पुँजीवादी समाजमा सर्वहाराको सापेक्षित दरिद्रीकरण मात्र होइन, पूर्ण दरिद्रीकरण पनि हुने गर्दछ । जस्तो कि लेनिनले भन्नुभएको थियो, ' मजदुरहरूको पूर्ण दरिद्रीकरण हुन जान्छ अर्थात् उनीहरू गरिबभन्दा गरिब हुँदै जान्छन् । उनीहरूको जीवन अझै दुःखदायी हुँदै जान्छ । उनीहरूको भोजन अत्यन्त खराब हुँदै जान्छ । पेटभर पनि हुँदैन र उनीहरू छाप्रामा र झोपडीका साना कोठाहरूमा भेडाबाख्राजस्तै रहनु पर्दछ ।'८

सर्वहाराका पूर्ण दरिद्रीकरणका प्रमुख अभिव्यक्तिहरू यसप्रकार छन् :

पहिलो, ठूलो सङ्ख्यामा बेरोजगार मजदुरहरूको उपस्थिति । पुँजीवादी समाजमा मजदुरहरूका अगाडि बेरोजगारीको खतरा सदैव रहिरहन्छ । बेरोजगार हुनेबित्तिकै उनीहरूको आयस्रोत हराउने गर्दछ । उनीहरूको जीवनयापन एउटा गम्भीर समस्या बन्न पुग्छ । यो सर्वहाराको भौतिक जीवनदशाहरूमा ओरालो लाग्नुको एउटा महत्वपूर्ण सङ्केत हो । अमेरिकामा १९४५ मा बेरोजगारहरूको सङ्ख्या ११ लाख थियो । १९५५ मा २६.५४ लाख, १९६८ मा २८ लाख र १९७१ मा बढेर ५० लाख हुन गयो । इङ्ग्ल्यान्डमा पनि बेरोजगारहरूको अवस्था अत्यन्त गम्भीर थियो । बेरोजगार मजदुरहरूको सङ्ख्या १९५२ मा ५ लाख थियो जुन फरवरी, १९७२ मा बढेर १६ लाखभन्दा धेरै भइसकेको थियो ।

दोस्रो, वास्तविक ज्यालामा ओरालो लाग्नु । कुनै पनि पुँजीवादी देशमा रोजगार मजदुरहरूको हालत पनि योभन्दा राम्रो हुँदैनथ्यो । मजदुरहरूको ज्याला प्रायः श्रमशक्तिको मूल्यभन्दा धेरै हुने गर्दछ जसबाट मजदुरहरूको निम्ति जीवनयापनको सामान्य स्तर बनाइराख्न कठिन हुने गर्दछ । कहिलेकहीँ पुँजीपतिसँग सङ्घर्ष गरेर साङ्केतिक ज्यालामा थोरै वृद्धि हुन सक्थ्यो परन्तु पुँजीवादी देशहरूमा हुने व्यापक मुद्रा अपचलनका कारण मुद्राका रूपमा ज्यालामा वृद्धि प्रायः दामहरूमा भएको वृद्धिभन्दा पछाडि नै रहन्थ्यो । अन्ततः वास्तविक ज्यालामा त केवल कुनै वृद्धि हुँदैनथ्यो बरु प्रायः यो पहिलेभन्दा पनि थोरै हुन जान्थ्यो ।

उदाहरणका निम्ति अमेरिकी सरकारका तथ्याङ्कअनुसार डिसेम्बर १९६९ देखि डिसेम्बर १९७० का बीचमा मेन्युफेक्चरिङ मजदुरहरूको ज्याला २.६ प्रतिशतले बढ्यो । त्यसै अवधिमा उपरोक्त मूल्य सूचकाङ्कमा ५.५ प्रतिशतले वृद्धि भयो । यसतरह मेन्युफेक्चरिङ मजदुरहरूको वास्तविक ज्यालामा २.९० प्रतिशतले कम हुन गयो । यसका अतिरिक्त पुँजीवादी देशहरूमा लाग्ने थुप्रै करहरूद्वारा श्रमजीवी जनताको आयको राम्रो हिस्सा लैजाने गर्दथे । अमेरिकी सरकारको आँकडाअनुसार १९४० देखि १९७० का बीचका ३० वर्षहरूमा करहरूको मात्रा १६ गुणाले बढ्न गयो । १९४० मा अमेरिकामा कुल निजी ऋण (घर धितो राख्ने र उपभोक्ता ऋणसमेत) १९७.८ अर्ब डलर थियो अर्थात् प्रतिव्यक्ति औसत १,१३३ डलर । यो १९७० को अन्त्यसम्म बढेर ५७७.९ अर्ब डलर अर्थात् प्रतिव्यक्ति औसत २,८३२ डलर हुन गयो । १९७० मा ऋण र ब्याजको भुक्तानमा अमेरिकी जनताको वार्षिक आयको लगभग २२.३ प्रतिशत जाने गर्दथ्यो । कर, ऋण र ब्याजको भुक्तानमा अमेरिकी जनताको वार्षिक आयको लगभग आधा हिस्सा जाने गर्दथ्यो ।

तेस्रो, खराब जीवनदशाहरू । वास्तविक ज्याला थोरै हुनुका कारण पुँजीवादी देशहरूका मजदुरको खराब जीवनदशाहरूमा गुजारा गर्नु पर्दथ्यो । खासगरी आवासीय परिस्थितिहरू अत्यन्त खराब हुने गर्दछन् । पुँजीवादी समाजमा उत्पादनका अराजक अवस्थाहरू र औद्योगिक उत्पादन तथा जनसङ्ख्याको अन्धाधुन्द संकेन्द्रण हुनाले केही सहरको आकार निरन्तर बढ्दै जान्छ र मजदुरहरूको अवस्था खराब हुन जान्छ । मार्क्सले भन्नुभएको थियो, 'कुनै औद्योगिक सहर वा व्यापारिक सहरमा पुँजी सञ्चयको दर जति तीव्र हुन्छ शोषणका निम्ति उपलब्ध मानव सामग्री त्यति नै तीव्रतासँग खिचिने गर्दछ र त्यसका रिहाइसका निम्ति उपलब्ध अस्थायी स्थितिहरू त्यति नै खराब हुने गर्दछन् ।'९ मार्क्स र एङ्गेल्सले आफ्ना कृतिहरूमा पुँजीवादी समाजमा मजदुरहरूको आवासीय स्थितिमा ओरालो लाग्नेबारेमा कैयौं स्थानमा टिप्पणी गर्नुभएको छ र लन्डनजस्ता ठूला सहरका छाप्रा-कटेरा बस्तीहरूको हदै खराब अवस्थाको विवरण दिनुभएको छ । आज पनि पुँजीवादी देशहरूका ठूला सहरहरूमा फोहोर बस्तीहरूको सङ्ख्या बढिरहेको छ । अमेरिकाको सबभन्दा ठूलो सहर न्युयोर्कमा १९५० मा १६.६४ लाख मानिस फोहोर बस्तीहरूमा रहन्थे । १९५७ मा यो सङ्ख्या २५.७२ लाख पुगेको थियो । १९५९ मा अमेरिकाको कुल जनसङ्ख्या करिब १८ करोड थियो जसमध्ये २.२ करोड मानिस सहरहरूका फोहोर बस्तीहरूमा र गरिब ४.४० करोड मानिस त्यस्ता घरहरूमा बस्ने गर्दथे जसको हालत अत्यन्त नाजुक थियो ।

कारखानाहरूबाट निक्लिएका बिसैला ग्याँसहरू, कुडाकचरा र प्रदूषित पानीले मजदुरहरूको आवासीय अवस्थालाई खराबभन्दा खराब बनाइदिन्थे र उनीहरूको स्वास्थ्यलाई नराम्रो प्रभाव पर्न जान्थ्यो । उद्योगहरू जति नै विकसित हुने गर्दछन् त्यति नै सहरी प्रदूषण बढ्ने गर्दछ । धनी पुँजीपतिहरू श्रमजीवी जनसङ्ख्यालाई सहरहरूमा कष्ट झेल्नका लागि छाडेर सहरहरूको बाहिरी सिमानामा हरियालीबाट घेरिएका महलहरूमा बस्न सक्थे ।

पुँजीवादी देशहरूका केही ठूला सहरहरूमा जहाँ वायु प्रदूषणको समस्या गम्भीर छ, प्रत्येक सहरबासी सासका साथ धेरै मात्रामा बिसैला ग्याँसहरूभित्र लिने गर्दछ । यी सहरहरूमा श्वासप्रश्वाससम्बन्धी अन्य रोगहरूबाट पीडित मासिनहरूको सङ्ख्या अत्यन्त धेरै छ र त्यसबाट मर्नेहरूको सङ्ख्या पनि त्यति नै धेरै छ । युरोप, अमेरिका र जापानमा यसप्रकारको समस्याका कारण कामबाट हटाइने मजदुरहरूको सङ्ख्या बढिरहेको छ ।

अमेरिकामा जहाँसम्म चिकित्सा सुविधाहरूको प्रश्न छ, 'अस्पतालहरूको कारक पूरै खुलेका हुन्छन् तर ती बिरामीहरूका निम्ति होइन जसले त्यसको शुल्क बुझाउन सक्दैनथे ।' एकपल्टका निम्ति दर्ताशुल्क मध्यम आय भएका मजदुरहरूको एक दिनको ज्यालाको एक तिहाइबराबर हुने गर्दछ । अपेन्डिसाइटिसको शल्यक्रियाको शुल्क दुई महिनाको ज्यालाभन्दा पनि धेरै हुने गर्दछ । एउटा साधारण मजदुरको परिवारलाई प्रसूतिको शुल्क जुटाउनका निम्ति कैयौं महिना पहिलेदेखि बचत गर्नुपर्दछ । १९६५ देखि १९७२ सम्म अस्पतालहरूको शुल्कमा औसत १९.३ प्रतिशतले वार्षिक दरले बढ्यो । अधिकांश मजदुर बिरामी भए पनि काम गरिरहन्थे किनकि उनीहरूले डाक्टरलाई देखाउने खर्च बहन गर्न सक्दैनथे र असमायिक नै मर्ने गर्दथे ।

चौथो, अत्यधिक साधनश्रम र अत्यन्त तल्लो स्तरका कार्यदशाहरू । उद्योगहरूमा प्रेषितीकरण र स्वचालितको विकासका साथै न केवल मजदुर मेसिनहरूका साथ जोडिएका कलपुर्जाहरूमा बदलिइरहन्थे र श्रमसघनता पनि अत्यधिक बढेको थियो । एउटा अमेरिकी अटोमोबाइल मजदुरका शब्दमा 'प्राचीन युनान र रोमन साम्राज्यमा अभागी नाविक पनि हावा अनुकूल हुँदा चप्पु राखेर केहीबेर सुस्ताउन सक्थ्यो परन्तु अब कनबेथर बेल्टका नजिक उभिएको मजदुरलाई सास फेर्नसमेतको फुर्सद मिल्दैन जब एकपछि अर्को मेसिनका पुर्जा अगाडि आएको आयै गर्दछन् ।' मजदुरको शोषणका निम्ति 'त्वरण प्रणाली' अपनाउनाले अमेरिकी कारखानाहरूमा केही मजदुरको आठदेखि दस वर्ष काम गरिसकेपछि श्रम गर्ने क्षमता हराउन पुग्छ । अधिकांश मजदुरहरू

> *हामीले सर्वहाराको दरिद्रीकरणको प्रश्नलाई वर्गीय दृष्टिकोणका आधारमा विश्लेषण गर्नुपर्दछ । पहिले त ती मजदुर अभिजातहरूलाई गणनाबाट बाहिर गर्नुपर्दछ जुन पुँजीपतिका हातमा बिकिसकेका छन् । मुठ्ठीभर मजदुर अभियान पुँजीपति वर्गको टुकुडामा पालिँदै साँच्चै नै उच्च स्तरको जीवन बिताउँछन् । वास्तवमा तिनीहरू मजदुरहरूका लाइनमा रहेका हुँदैनन् बरू सर्वहारा वर्गका गद्दार हुने गर्दछन् ।*

चालीस वर्ष पुग्दानपुग्दै कामको तीव्र गतिसँग तालमेल मिलाउन सक्दैनन् । कामको तीव्रता र सुरक्षा सुविधाको अभावका कारण दुर्घटनाहरू त आम हुने गर्दछन् । अमेरिकी सरकारलाई स्वीकार गर्नैपर्‍यो- कमसे कम ८५ प्रतिशत मजदुर लगातार चोटपटक लाग्ने खतरा मोनेरै काम गर्दछन् । हरेक वर्ष अमेरिकामा ३ देखि ५ प्रतिशतसम्म मजदुरहरू दुर्घटनामा मारिन्छन् वा घाइते हुन्छन् । यसतरह पुँजीवादी देशहरूमा विज्ञान र औद्योगिक प्रगति, मजदुर वर्गको लगातार बढ्दो गरिबी र अस्तव्यस्तताको मूल्यमा हासिल हुने गर्दछ ।

जस्तो कि उल्लिखित तथ्यहरूबाट स्पष्ट हुन्छ, यो निर्विवाद छ कि पुँजीवादी देशहरूमा श्रमजीवी तप्काको दरिद्रीकरण हुने गर्दछ । बुर्जुवा वर्ग र सर्वहाराको लाइनमा लुकेका त्यसका दलाल केही अस्थायी, स्थानीय र आंशिक प्रगतितर्फ इशारा गरेर सर्वहाराको दरिद्रीकरणको सत्यलाई झूटो साबित गर्ने थोत्रा कोसिसहरू गरिरहन्छन् ।

सर्वप्रथम हामीले सर्वहाराको दरिद्रीकरणको प्रश्नलाई वर्गीय दृष्टिकोणका आधारमा विश्लेषण गर्नुपर्दछ । पहिले त ती मजदुर अभिजातहरूलाई गणनाबाट बाहिर गर्नुपर्दछ जुन पुँजीपतिका हातमा बिकिसकेका छन् । मुठ्ठीभर मजदुर अभियान पुँजीपति वर्गको टुकुडामा पालिँदै साँच्चै नै उच्च स्तरको जीवन बिताउँछन् । वास्तवमा तिनीहरू मजदुर हरूका लाइनमा रहेका हुँदैनन् बरु सर्वहारा वर्गका गद्दार हुने गर्दछन् ।

सर्वहाराको दरिद्रीकरणको मुद्दालाई ऐतिहासिक र ठोस दृष्टिकोणबाट विश्लेषण गर्नुपर्दछ । यद्यपि अलगअलग समयमा अलगअलग देशहरूमा जीवनस्तर एकै नासको हुँदैन, त्यसकारण अतीतलाई वर्तमानसँग सीधासीधा तुलना गर्नु कुनै हालतमा ठीक हुँदैन । अस्तित्वमा वादशाहहरूलाई पनि तेलका ल्याम्पबाट नै काम चलाउनु पर्दथ्यो । आज पुँजीवादी देशहरूका अधिकांश मजदुरले बिजुलीको प्रकाश प्रयोग गर्दछन् । यद्यपि यस्तो भन्न सकिन्न- मजदुर हरूसँग बिजुलीको प्रकाश छ, त्यसकारण गरिबी छैन । के यो दाबा गर्नु हास्यास्पद हुँदैन, आज एउटा मजदुरको जिन्दगी वादशाहको भन्दा राम्रो छ ।

सर्वहाराको दरिद्रीकरणको मुद्दालाई समग्र दृष्टिकोणबाट हेर्नु पर्दछ । अर्थात् मजदुरहरूको जीवनदशाहरूको आंकलन कुनै एक कारखाना, कुनै क्षेत्रविशेष वा समयविशेषको आधारमा गर्नु हुँदैन । मजदुर वर्गको जीवनदशाहरूको आंकलन एउटा लामो अवधिका आधारमा गर्नुपर्दछ । अर्को शब्दमा केवल रोजगारमा रहेका मजदुरहरूको जीवनदशाहरूको मात्र होइन, बेरोजगार र अर्धबेरोजगार मजदुरहरूका जीवनदशाहरूलाई पनि हेर्नु पर्दछ । केवल साम्राज्यवादी देशहरूका मजदुरहरूको जीवनदशाहरूको मात्र होइन, उपनिवेशिक र नवऔपनिवेशिक देशहरूका मजदुर हरूका जीवनदशाहरूलाई पनि हेर्नुपर्दछ । मजदुर हरूका जीवनदशाहरूलाई भ्रामक पुँजीवादी समृद्धिको समयमा मात्र होइन, आर्थिक सङ्कटको समयमा पनि हेर्नु पर्दछ । त्यसपछि यो देख्न कठिन हुनेछैन- अलग-अलग कारखानाहरू र इलाकाहरू साथै कुनै खास समयमा मजदुरहरूका जीवनदशाहरूमा केही सुधार भएको होस् तर पूरै सर्वहारा वर्गको दिनप्रतिदिन बिग्रँदै गइरहेको छ ।

सर्वहाराले नै पुँजीवादको चिहान खन्छ ।

पुँजी सञ्चयको प्रक्रिया एउटा यस्तो प्रक्रिया हो जसमा पुँजीपति अझ अमीर हुँदै जान्छ तथा सर्वहारा झन् गरिब हुँदै जान्छ । यो एउटा यस्तो प्रक्रिया पनि हो जसमा पुँजीवादी उत्पादन सम्बन्धहरू र उत्पादक शक्तिहरूको अन्तरविरोध पनि उत्तरोत्तर धेरै पेचिला हुँदै जान्छन् । पुँजीवादी अर्थव्यवस्थाको विकासप्रक्रियामा छरिएर रहेका, अलग-अलग र साना परिमाणका निजी उत्पादन ठूला परिमाणका सामाजिक उत्पादनमा बदलिन्छन् । पुँजीवादमा सामाजिक उत्पादनको विकासका दुईवटा पक्ष हुन्छन् : पहिलो हो- पुँजीवादी कारखाना निजी कालीगढको वर्कसपभन्दा भिन्न हुन्छ । कालीगढले आफ्नो वर्कसपमा एक्लै पनि उत्पादन प्रक्रिया पूरा गर्दछ । पुँजीवादी कारखानामा दसौं-सयकडौं, हजारौं मजदुर विभिन्न वर्कसपहरू र विभागहरूमा बाँडिएका हुन्छन् उनीहरू पुँजीपति र उसका दलालहरूका आदेशअनुसार श्रम विभाजन र सहकार्यको माध्यमबाट मालहरूको उत्पादन गर्दछन् । दोस्रो हो- श्रम विभाजन लगातार विकसित हुने गर्दछ । उत्पादन अधिकाधिक विशिष्टीकरण हुँदै जान्छ । सामाजिक उत्पादनमा विभिन्न विभाग र उद्यम एकअर्कासँग जोडिने र परस्पर निर्भर हुने गर्दछन् । श्रमको सामाजिक विभाजन र एउटा कारखानाको भित्र यसको विभाजनबाट उत्पादन ' व्यक्तिगत कार्यहरूको शृङ्खलाबाट सामाजिक कार्यहरूको शृङ्खलामा बदलिन पुग्छन् । उत्पादन व्यक्तिगत उत्पादनहरूबाट सामाजिक उत्पादनमा बदलिन पुग्छन् ।'१० खराब मेसिनहरू, मोटरहरू, सुर्ती कपडा र छालाका जुत्ता धेरै नै मजदुरहरूको संयुक्त श्रमका उत्पादन हुने गर्दछन् । कसैले यो भन्न सक्दैन ' यो मेरो उत्पादन हो ।'

उत्पादनको प्रकृति सामाजिक हुने गर्दछ तर उत्पादनका साधन र सामाजिक श्रमका उत्पादनहरूमा समाजको स्वामित्व हुँदैन । तिनमाथि पुँजीपतिको नै स्वामित्व हुने गर्दछ । यसप्रकार सामाजिक उत्पादन र पुँजीवादी निजी स्वामित्वका बीच अन्तरविरोध खडा हुने गर्दछ । यो पुँजीवादको मूलभूत अन्तरविरोध हो । पुँजीवादी निजी स्वामित्व ठूलो परिमाणको सामाजिक उत्पादनको विकासलाई खराब तरिकाले अवरोध गर्दछन् । पुँजीवादी उत्पादन सम्बन्धले उत्पादक शक्तिहरूको विकासलाई अधिकाधिक अवरोध गर्ने गर्दछ र तिनका खुट्टाका नेल बन्न जान्छन् । केवल निजी स्वामित्वको ध्वंस र समाजवादी सामूहिक स्वामित्वको स्थापना तथा पुँजीवादी उत्पादन सम्बन्धहरूलाई हटाएर समाजवादी उत्पादन सम्बन्धहरूको स्थापना गरेर नै यस मूलभूत अन्तरविरोधको हल गर्न सकिन्छ । यसकारण पुँजीवादको अन्त्य र समाजवादको उत्कर्ष ऐतिहासिक विकासको अपरिहार्य प्रवृत्ति हो जसलाई कसैको इच्छाबाट बदल्न सकिँदैन ।

पुँजीवादलाई हटाएर समाजवाद स्थापनाको ऐतिहासिक प्रक्रिया स्वतःस्फूर्त ढङ्गबाट सम्पन्न हुन सक्दैन । पुँजीवादी व्यवस्थाबाट उठाइरहेका बुर्जुवा वर्ग सामाजिक परिवर्तनलाई हरहालतमा रोक्ने कोसिस गर्नेछ । त्यो परिवर्तन ल्याउनका लागि यस्तो एउटा सामाजिक शक्ति हुनु अनिवार्य हुन्छ जसले बुर्जुवा वर्गको प्रतिरोधलाई कुल्चिन सकोस् । त्यो सामाजिक शक्ति हो सर्वहारा वर्ग । सर्वहारा उन्नत उत्पादक शक्तिहरूका प्रतिनिधि हुन् । यिनीहरू शोषित-उत्पीडित छन् तर पनि यिनीहरू सर्वाधिक चेतना सम्पन्न र सबभन्दा उत्कट क्रान्तिकारी चरित्र भएको वर्ग हो । मार्क्सवादी शिक्षाबाट लैस भएर यो वर्ग निश्चित रूपबाट पुँजीवादी व्यवस्थालाई उखेलेर फाल्नका निम्ति जुर्मुराएर उठ्नेछ । 'सामाजिक उत्पादन र पुँजीवादी आधिपत्यको अन्तरविरोध सर्वहारा र पुँजीपति बुर्जुवा वर्गका बीचको अन्तरविरोधको रूपमा अभिव्यक्त हुने गर्दछ ।'११ पुँजी सञ्चयको प्रक्रिया सर्वहारा तीव्र रूपमा परिपक्व हुँदै जान्छ त्यसको फौजको लाइन बढ्दै जान्छ ।

पुँजी सञ्चय र विस्तारित पुनरुत्पादनको प्रक्रिया जीवनयापनका भौतिक साधनहरूको विस्तारित पुनरुत्पादन मात्र होइन, पुँजीवादी सम्बन्धहरूको पनि विस्तारित पुनरुत्पादन हो । यसले एकातर्फ अझ ठूला पुँजीपतिहरूलाई र अर्कोतर्फ अझ धेरै किरायाका मजदुरहरूलाई जन्माउँछ । यसप्रकारले पुँजी सञ्चयको प्रक्रिया न केवल पुँजीवादको विनाशका परिस्थितिहरू अर्थात् सामाजिक आधारमा ठूलो परिमाणका उत्पादलाई तयार गर्दछ बरु पुँजीवादको चिहान खन्ने सर्वहारालाई पनि जन्माउँछ । 'बुर्जुवा वर्गले स्वयम् आफ्नै विनाशका लागि हतियार मात्र बनाएको छैन, ती हतियारहरूलाई प्रशिक्षित पनि गरिदिएको छ ।'१२ सर्वहारा पुँजीवादको उद्भवसँगै अस्तित्वमा आयो र पुँजी सञ्चयको प्रक्रियामा बलियो र वर्गसचेत हुन गयो । पुँजी सञ्चयको विकाससँगै सर्वहाराका फौजहरू लगातार बढिरहन्छन् । ठूलो परिमाणको सामाजिक उत्पादनका साथसाथै सर्वहारा साङ्गठनिक अनुशासनमा खारिन्छ र सर्वहाराको दरिद्रीकरणसँगै सर्वहारा र बुर्जुवा वर्गका बीचका अन्तरविरोध उत्तरोत्तर गहिरिँदै जान्छन् । वर्गसङ्घर्षका अनुभवहरू र मार्क्सवादबाट लैस सर्वहारा वर्ग क्रान्तिकारी भट्टीबाट खारिएर अग्रगामी बन्न पुग्छ ।

पुँजी सञ्चयको प्रक्रियामा सामाजिक उत्पादनको जबर्जस्त विकासलाई एउटा यस्तो अवस्थासम्म पुग्नु अवश्यंभावी हुन्छ जब विस्फोटक रूप लिइसकेको पुँजवादी उत्पादन सम्बन्ध यसलाई कुनै पनि तरिकाले समाल्न सक्ने अवस्थामा रहँदैन । मार्क्सले पूर्ण विश्वासका साथ घोषणा गर्नु भएको थियो : यो बम फुट्नेवाला छ, पुँजीवादी निजी स्वामित्वको मृत्युको घण्टी बज्नेवाला छ । स्वत्वहरण गर्नेहरूको स्वत्वहरण गरिनेछ ।१३ पुँजीवादको मृत्यु सुनिश्चित छ र समाजवादको विजय तय भएको छ । यो पुँजी सञ्चयको ऐतिहासिक परिणति हो ।

**अध्यायका निम्ति प्रमुख सन्दर्भ**


*१. मार्क्स, पुँजी खण्ड १ भाग ७*

*२. मार्क्स, 'पुँजीवादी समाजको दरिद्रीकरण'*

*३. माओ त्सेतुङ 'इतिहासको आदर्शवादी धारणाको दिवालियापन'*


*समीक्षात्मक प्रश्न*

*१. साधारण पुनरुत्पादन र विस्तारित पुनरुत्पादनको विश्लेषणबाट कुनकुन निष्कर्षमा पुग्न सकिन्छ ?*

*२. पुँजीवादी समाजमा सर्वहाराको दरिद्रता र मजदुर हरूको बेरोजगारीका कारणहरू केके कारण हुन्छन् ।*

*३. सर्वहारालाई पुँजीवादको ......... भनेर किन भनिन्छ ?*

*टिप्पणीहरू*

*१. मार्क्स पुँजी खण्ड १, मार्क्स-एङ्गेल्सका सम्पूर्ण कृतिहरू, खण्ड २३ पृ.६२५*

*२. ऐ. पृ.६४९*

*३. ऐ.ऐ. पृ. ६४९-६५०*

*४. ऐ.ऐ. पृ. ६७२*

*५. ऐ.ऐ. पृ.६९२*

*६. 'इतिहासको आदर्शवादी धारणाको दिवालियापन' -माओ त्सेतुङका सङ्कलित रचनाहरू खण्ड ४ चिनियाँ संस्करण १९६८ पृ. १४००-१४०१*

*७. मार्क्स, पुँजी खण्ड १ मार्क्स-एङ्गेल्सका सम्पूर्ण कृतिहरू, खण्ड २३ पृ. ७०७*

*८. 'पुँजीवादी समाजको कङ्गालीकरण' लेनिनका सम्पूर्ण रचनाहरू खण्ड १८ पृ. ४३०*

*९. मार्क्स, पुँजी खण्ड १, मार्क्स-एङ्गेल्सका सम्पूर्ण कृतिहरू, खण्ड २३ पृ. ७२५*

*१०. एङ्गेल्स, ड्युहरिङ मतखण्डन, मार्क्स-एङ्गेल्सका चुनिएका कृतिहरू खण्ड ३, चिनियाँ संस्करण १९७२ पृ. २५७*

*११. ऐ.ऐ. पृष्ठ ३११*

*१२. कम्युनिस्ट घोषणापत्र, मार्क्स-एङ्गेल्सका चुनिएका कृतिहरू, खण्ड १ मार्क्स-एङ्गेल्सका सम्पूर्ण कृतिहरू, खण्ड २३ पृ. ८३१ ८३२ ।*

जीवनी/संस्मरण

# सहिद ज्ञामप्रसाद चालिसे 'आयाम'



सरला रेग्मी

क. ज्ञामप्रसाद चालिसे बागलुङ जिल्लाको तत्कालीन अर्जेवा गाउँ विकास समितिको चोखेक गाउँमा भविश्वर उपाध्यायका माइला छोरा छविलाल उपाध्याय र आमा टीकादेवी चालिसेका माहिला छोराका रूपमा २०२७ साल चैत २७ गते जन्मनुभएको थियो। उहाँको जन्म दाजु हेमराजसहित भाइहरू याम, नारायण, हरि र बहिनी धना गरी ६ जना सन्तानले धनी परिवारमा भएको थियो। पहाडको ढुङ्ग्यान पाखोबारी, भिरपाखाको घाँसदाउरा, पशुबस्तु र टाढाको पानीपँधेरो यो सबै भ्याएर परिवार पाल्नु कयौँ परिवारका लागि विकल्परहित बाध्यताले मात्र सम्भव थियो। आजभोलिसमेत कयौँ पहाडी गाउँहरू त्यत्तिकै अलपत्र छाडेर रित्तिन थालेका छन् र पूरै गाउँघर जङ्गलले ढाक्न थालेको छ। कहिलेकहीँ मिठोमसिनो पकाएर आफ्ना सन्तान र परिवारका अरू सबैलाई खुवाएर पिँधमा बाँकी रहेको पुरो खान खोज्दा आमाले मीठो खाई भनेर भएभरका सबै सन्तानले एकैपटक भाँडो घेरेर आमाको गाँससमेत लुछ्दाका दिनहरू कसरी बिताउने ? त्यसैले छविलाल चालिसेको परिवार पनि आफ्ना दाइ र भाइहरू पहिले नै बसाइँसाराइ गरेर आएको बर्दिया जिल्लाको गोला जोथीपुरमा २०४९ मङ्सिरको अन्तिम साता बसाइँसराइ गऱ्यो।

ज्ञाम सानैदेखि तेजस्वी स्वभावका हुनुहुन्थ्यो। चोखेकको वरिपरि रहेका सर्कुवा, अर्जेवा र जैदी तीनवटै विद्यालय एकोहोरो एक घन्टाभन्दा बढी दूरीमा पर्दथे। त्यसैले पहाड हुँदासम्म विद्यालय शिक्षा लिनु त्यति सजिलो थिएन। विद्यालय जाँदा र आउँदा जङ्गल पर्ने भएकाले पनि बच्चाहरूलाई डर हुन्थ्यो। तैपनि पढ्नु/पढाउनुपर्छ भन्ने सामान्य चेतना भएकाले विद्यालय जाने काम भने हुन्थ्यो। पढाइ केकस्तो थियो भन्न मुस्किल छ तर तराईतिर बसाइँ सरेर आएपछि लगत्तै पाताभार गाविसमा पर्ने नेपाल राष्ट्रिय नि.मा.वि. जनकनगरमा कक्षा ३ मा भर्ना भएर पढाइ सुरु गर्नुभयो। काममा लागेपछि मेहनत गर्ने र सफल हुने बानी र क्षमता भएकाले होला गाउँघरमा परेका बेला मात्र अघि पर्ने हैन, खेलमा अरूलाई जितेर झोलामा एक मानाभन्दा बढी गुच्चासमेत हुन्थे। ५/६ कक्षामा पढ्ने बेला विद्यालयमा बिहान समयमै पुगे पनि बेलुका फर्केर घर पुग्दा भने साँझ पर्ने गर्थ्यो। राम्रो कुरा कसैले भने तुरुन्त सकारात्मक रूपमा मनन गर्ने बानी भएकाले गुच्चा खेलेर समय खेर फाल्नुभन्दा बरु समय मिले कक्षामा पढ्ने, अरू पनि किताब पढे हुन्छ, ज्ञान बढ्छ भनेर सम्झाएपछि र एउटा चिनियाँ बालसाहित्य पढेपछि उहाँको स्वभावमा एकाएक परिवर्तन आयो। ३ कक्षादेखि नै उहाँ कहिल्यै दोस्रो हुनुभएन बरु विद्यालयभरिमै प्रथम हुने गर्नुहुन्थ्यो। हुनत प्रथम हुनु उहाँका भाइहरूको पनि विशेषता हो। जब जनकनगरको पढाइ पूरा गरेर २०४४ सालमा पाताभारको एकप्रिय मा.वि. मा कक्षा ८ मा भर्ना हुन जानुभयो, त्यसपछि आफूलाई राजनीतिक रूपमा सक्रिय पार्दै सङ्गठित पनि हुनुभयो। जतिबेला उहाँ विद्यार्थी सङ्गठन अ.ने.रा.स्व.वि.यु. (दसौँ) को विद्यालय एकाइ समितिको अध्यक्ष हुनुभयो। उहाँको पालामा विद्यार्थी सङ्गठन त्यहाँ निकै राम्रो थियो। उहाँसँगै उहाँको नेतृत्वमा बसेर काम गरेका कतिपय साथीहरू अहिले पनि राजनीतिमा सक्रिय र नेतृत्वदायी भूमिकामै हुनुहुन्छ। २०४६ सालमा उहाँले एस.एल.सी. गर्नुभयो। पढाइ र कक्षामा प्रथम हुनु त उहाँको विशेषता नै थियो जुन पछिसम्मै कायम रह्यो।

२०४७ मा विद्यार्थी सङ्गठनको एकतापछि अनेरास्ववियू (एकताको) बर्दिया जिल्लाको छैटौँ र सातौँ दुईवटै जिल्ला सम्मेलनबाट जिल्ला समितिको अध्यक्षमा निर्वाचित हुनुभयो। त्यस्तै २०४८ चैतमा सम्पन्न विद्यार्थी सङ्गठनको एकता राष्ट्रिय सम्मेलनबाट अनेरास्ववियू (एकताको) केन्द्रीय समितिमा निर्वाचित हुनुभयो। उक्त सङ्गठनको २०५२ सालमा कोषाध्यक्ष र २०५४ को चौधौँ राष्ट्रिय सम्मेलनबाट सङ्गठनको केन्द्रीय उपाध्यक्षका रूपमा निर्वाचित भई नेतृत्व गर्नुभयो।

२०४३ सालमा तत्कालीन ने.क.पा. (मशाल) को पार्टी सदस्य बन्नुभएका क. आयाम २०४७ सालबाट पूर्णकालीन कार्यकर्ता हुनुभएको थियो। उहाँ २०५० सालमा नेकपा (एकताकेन्द्र) को जिल्ला समिति सदस्यका रूपमा मनोनीत हुनुभएको थियो। २०४६ सालमा विद्यालयको पढाइ पूरा गरी विद्यार्थी सङ्गठनको जिम्मेवारी समालिरहेकै अवस्थामा सङ्गठनकै निर्णयअनुसार सम्भवतः २०४८ सालमा महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा भर्ना भई कानुन विषयमा प्रवीणता प्रमाणपत्र र स्नातक तहको पढाइ पूरा गर्नुभयो। दीर्घकालीन जनयुद्धको कार्यदिशाअनुसार २०५२ सालमा ने.क.पा. (माओवादी) ले जनयुद्ध सुरु गऱ्यो। माउ पार्टीले जनयुद्ध सुरु गरिरहँदा जनवर्गीय सङ्गठनका रूपमा विद्यार्थी सङ्गठन पनि आफ्नो भिन्न भूमिकामा खरो उत्रन पुग्यो। क. आयाम विद्यार्थी नेताका रूपमा मात्र नभई पार्टी नेताका रूपमा पनि हुनुहुन्थ्यो। त्यसैले जनयुद्ध सुरु भएको ठीक ११ दिनका दिन बर्दिया गुलरियास्थित मेघ स्टेसनरीमा पत्रिका पढिरहेको अवस्थामा अर्का विद्यार्थी नेता विष्णुप्रसाद चौधरीसहित उहाँलाई प्रहरीले गिरफ्तार गऱ्यो। हातहतियार र खरखजाना तथा सार्वजनिक अपराध ऐनजस्तो झूटो अभियोग लगाइएको करिब १० महिनापछि उहाँ जेलबाट धरौटीमा रिहा हुनुभयो।

जे निर्णय हुन्छ इमानदारीसाथ पालना गर्नुपर्छ र कार्यान्वयन गर्नुपर्छ भन्ने उहाँको स्वभाव थियो। अहिले कोहलपुरमा रहेको नेपालगन्ज मेडिकल कलेज पहिले कोहलपुरमा निर्माण गर्ने भनिए पनि भारतको बोर्डर भवानियापुरमा डीपीआरसहित काम सुरु गरेकोमा पछि उहाँकै विशेष पहलमा कोहलपुरमा स्थापना गराउन सम्भव भएको थियो। जनयुद्धको सुरुआतपछि अन्य जिल्लाबाट पार्टी इन्चार्ज क. पोस्टबहादुर बोगटीलाई भेट्न आउँदा क. आयाम नै नेपालगन्जको मुख्य सम्पर्क माध्यम हुनुहुन्थ्यो। जतिबेला उहाँ गिरफ्तार पर्नुभएको थियो त्यतिबेला नेपालगन्जमा उहाँले नै बनाएका कार्यकर्ता डम्बर रानाभाट र ऋषि घिमिरे दुईजना उहाँको अभावलाई पूरा गर्न तल्लीन हुनुहुन्थ्यो। उहाँहरूको पनि पछि सहादत भयो।

रिहा भएपछि पुनः उहाँ आफ्नो जिम्मेवारीमा खटिनुभयो। प्रहरी हिरासत र जेलले उहाँलाई झनै स्पातिलो बनायो। बाँके र बर्दियामा बसेर विद्यार्थीको केन्द्रीय भूमिका पूरा गर्न धेरै कठिनाइ थियो तर पनि उहाँले विद्यार्थी सङ्गठन र पार्टी दुवैतिर आफ्नो जिम्मेवारीमा कहिल्यै कमजोरी रहन दिनुभएन। कहिलेकहीँ नेतासँग पनि आफूलाई लागेका कुरा सीधा-सीधा जस्ताको तस्तै राख्नुहुन्थ्यो। त्यसैले त्यतिबेलाको मुख्य नेतृत्वका रूपमा रहेका क. बोगटीका दृष्टिमा उहाँ अलि जिद्दीवाल लाग्नुहुन्थ्यो।

यसै क्रममा २०५४ असोज मसान्तमा बर्दियाको धोबियागाउँमा क. पोस्टबहादुर बोगटीको प्रमुख आतिथ्यमा जिल्ला पार्टीको बैठक बसिरहेकै बेला क. ज्ञामप्रसाद चालिसे र क. सरला रेग्मीका बीचमा जनवादी विवाह सम्पन्न भयो। त्यति बेला दुवैजना ने.क.पा. (माओवादी) बर्दिया जिल्ला समिति सदस्य हुनुहुन्थ्यो। उहाँहरू दुईजनाको विवाहको मुख्य लमीको भूमिका आरसी चौधरीले निर्वाह गर्नुभएको थियो।

२०५५ साल माघको दोस्रो साता हरियाणामा भएको पश्चिम क्षेत्रीय ब्युरोको बैठकमा उहाँलाई कर्णाली उपब्युरोमा राखेर जिल्ला पार्टी सेक्रेटरी बनाउने वा बाँके/बर्दियामै पार्टीको जिम्मेवारी दिने भन्नेबारेमा छलफल चल्यो। अन्ततः बाँके र बर्दियामा नै जिम्मेवारी दिने भनी क्षेत्रीय ब्युरोले निर्णय गऱ्यो। पार्टी उपब्युरो र विद्यार्थीको उपाध्यक्ष रहेर बाँके/बर्दियामै जिम्मेवारी समालिरहेको अवस्थामा २०५६ मङ्सिर २४ मा उहाँहरूका छोरा वजनको जन्म भयो। सरलाले सुत्केरी अवस्थामा पार्टी जिल्ला सेक्रेटरीको जिम्मेवारी पूरा गर्न सम्भव थिएन। त्यसैले सरलाले समालेको जिम्मा पार्टी सेक्रेटरीको जिम्मा आयामलाई दिने निर्णय गऱ्यो। त्यसैअनुसार २०५६ भदौबाट बाँके र बर्दिया दुवै जिल्लालाई एउटैमा मिलाएर उहाँलाई पार्टीले जिल्ला सेक्रेटरीको जिम्मेवारी प्रदान गऱ्यो। आयामले ०५७ भदौसम्म जिल्ला सेक्रेटरीको जिम्मेवारी सशक्त रूपमा पूरा गर्नुभयो र २०५७ भदौबाट ब्युरोको निर्णयअनुसार उहाँलाई क्षेत्रीय ब्युरोमा मनोनीत गर्दै दुवै जिल्लाको सेक्रेटरी अलग-अलग बनाउने निर्णय गऱ्यो। त्यसपछि उक्त बैठकले नै दुवै जिल्लाको इन्चार्ज आयामलाई बनाउने निर्णय गरेअनुसार उहाँ इन्चार्ज हुनुभयो। त्यही जिल्ला इन्चार्जको जिम्मेवारी र भूमिकामै रहेका बेला २०५८ मङ्सिर २६ गते उहाँ कोहलपुरबाट शाहीसेनाको गिरफ्तारीमा पर्नुभयो।

२०५८ मङ्सिर २५ गते राती उहाँ कोहलपुर प्रेमनगर राजु कँडेलको घरमा बस्नुभएको थियो। उहाँ बसेको नजिकै चन्द्रकान्त कमरेडको घरतिर राती सेनाले गोली चलायो। २७ गते जिल्ला पार्टीको बैठक कोहलपुरमै बोलाएकोमा २६ गते नै पूर्वतयारी गर्ने भनी केही मुख्य साथीहरू पनि कोहलपुर पुगेर नजिकै बसिराख्नुभएको थियो। राती गोलीको आवाज सुनेपछि उहाँहरू शङ्का लागेर बिहानै पाखा लाग्नुभयो। त्यसको लगत्तै सेना आएको कुरा जनताका बीचमा फैलियो। आयाम पनि २६ गते बिहानै आफू बसेको ठाउँबाट क. डिलाराम वली 'ज्वाला' का साथ शौचालय जाने बहानामा हातमा लोटा लिएर पाखोतिर भाग्नुभयो। सेना आएर पनि घेरा हालिसकेको कुरा उहाँलाई थाहा थिएन तर सेना पहिल्यै कम्बलको घुम्टो ओढेर बिरालोले मुसा ढुकेजस्तै गरी ढुकेर बसेको रहेछ। उहाँहरू अगाडि बढ्दा पहिले नै सेनाले उहाँहरूलाई हल्ट गऱ्यो। त्यतिबेला डिलाराम वलीलाई सेनाले नसुन्ने गरी अर्कोतिर लाग्न भनेर आयाम सरासर अगाडि बढ्नुभयो। दिसा गर्न जाने बहानामै पहिलो घेरा त पार गर्नुभयो तर जता जानुभएको थियो त्यतै दोस्रो घेरा हालेर सेना बसेको रहेछ। सेनाले उहाँलाई त्यहीँ नियन्त्रणमा लिएर तलासी गऱ्यो। उहाँको साथमा अलि धेरै पैसा देखेपछि शङ्का लागेर बर्दिया राष्ट्रिय निकुञ्जको चिसापानी ब्यारेकमा लग्यो। त्यहीँ उहाँको छिमेकी गाउँको मुक्ति स्वाँरका छोरा कर्णेल रमेश स्वाँर बसेको रहेछ। आयामलाई उसले पहिलेबाटै खोजिरहेको थियो। पटकपटक आयामको घरमा गएर 'तेरो छोरा खोइ भन, नभए तिमीहरूलाई सिध्याउँछौँ' भन्दै घरपरिवारसमेतलाई धम्क्याउने गरेको थियो। आयाम र उहाँकी श्रीमतीलाई भेटेमा चिरेर मार्ने भन्दै आयामका बाबुआमालाई सुनाउने गर्थ्यो। उसकै पालामा बर्दिया र बाँकेबाट सबैभन्दा बढी मान्छे बेपत्ता पारिएका छन्। गिरफ्तार गरेर लगेपछि आयामलाई अरू बन्दीहरूभन्दा फरक ठाउँमा राख्यो। महिनौँ सैनिक हिरासतमा राखेर क्रूर यातना दिँदा पनि उहाँबाट केही पाउन नसकेपछि आफ्नो पराजयलाई स्वीकार्न नसकेर उसले क. आयामलाई जिउँदै आगो लगाएर हत्या गरी रेडियोमार्फत बेतहनी भनिने ठाउँमा दोहोरो भिडन्तमा मारिएको गलत समाचार सार्वजनिक गऱ्यो। आयामको टाउकोमा आगो लगाएर हत्या गरेको क्रूर वास्तविकता सोही समय हिरासतमा रहेका अन्य व्यक्तिहरूमार्फत सार्वजनिक भएको थियो।

एउटा महान् योद्धाले सैनिक हिरासतमा पनि वीरतापूर्वक युद्ध लड्दै र इन्क्लाबको नारा घन्काउँदै आफ्नो टाउकोमा मशाल बालेर दुनियाँ ब्युँझाउँदै आफ्नो आवाजद्वारा वैरीहरूका फलामे किल्ला तोड्न सफल हुनुभयो। उनीहरूले सोचेका थिए होलान्- आयामको हत्या गरेपछि सबैजना तर्सिनेछन् र उनीहरूको निरङ्कुशताको दासतालाई स्वीकार्नेछन्। इतिहास ठीक त्यसको विपरीत निरङ्कुशताको अन्त्य गरेर सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गऱ्यो जुन आयामजस्ता योद्धाहरूको तागत र आयाम संस्कृतिको बलमा मात्र सम्भव भएको हो, अन्यथा किमार्थ सम्भव थिएन। अहिले युद्धबाट बाँचेकाहरू र कतिपय नेताहरूलाई पनि लाग्ला, यो देशको महान् भविष्य आफूले रचेको हो तर होइन, यो महान् रचना क. आयामजस्ता हजारौँ सपूतहरूको रगतले निर्माण भएको हो। घाइते, अपाङ्ग र बेपत्ता हजारौँ योद्धा र महान् जनताको त्याग र तपस्याबाट मात्र यो सम्भव भएको हो। त्यो रगतको अपमान भयो भने आज मै हुँ भन्नेहरूलाई भोलि मर्ने बेलामा पनि सजिलै सास फेर्ने सुखद अवसर प्राप्त हुनेछैन।

अन्तिममा लालसलाम तपाईं एक इमानदार, कर्तव्यनिष्ठ, सभ्य, जिम्मेवारी ठीकठीक तरिकाले पालना गर्न सक्षम र सफल एउटा स्वाधीन र स्वतन्त्र सेनानी, दृढ कर्तव्यनिष्ठ, परिपक्व, विश्वस्त, विश्वसनीय वीर योद्धा क. ज्ञामप्रसाद चालिसे 'आयाम' पुनः हार्दिक श्रद्धाञ्जली !!!

## गीत/कविता



गीत ---

### आमा

रचना/सङ्गीत : **माइला लामा**

आमा, उनी मेरी आमा
कति प्यारी कति
दुःख लिन्छिन्, सुख दिन्छिन्
पसिनाको धारासँगै
बग्छिन् मेरी आमा
कति सुन्दर कति !

उनी हाँस्दा हिमाल खुल्छे
उनले छुँदा गुराँस फुल्छे
धर्ती-आकाश अटाउने
उनको विशाल छाती
नरित्तिने प्रेमकी खानी
रानीहरूकी पनि रानी
आमा, मेरी आमा !

झरी पर्दा ओत दिन्छिन्
हुरी चल्दा पहाड बन्छिन्
टन्टलापुर घाम लाग्दा
उनी शीतल पवन बन्छिन्
मुटु काँप्ने सिरेटोमा
छातीभित्र लुकाउँछिन्
आमा, मेरी आमा !

अँधेरीमा ज्योति छर्छिन्
विपत्तिमा साहस भर्छिन्
निराशाले निल्न खोज्दा
हौसलाले बेरिदिन्छिन्
सङ्घर्ष हो जीवन भन्छिन्
त्यहीँ रम्न सिकाउँछिन्
आमा, मेरी आमा !
आमा, मेरी... ...!

१६ भदौ, २०७६
नख्खु कारागार, ललितपुर।

### खबरदार

**प्रदीप ओली 'दयालु'**
हाल नख्खु कारागार

स्कुल पढ्न गएका बहिनीहरूलाई
गोली हानेर रक्ताम्मे बनायो
खेत जोत्न गएका बाबालाई सङ्गीन रोपी मार्‍यो
म टुहुरो नाबालक टोलाएर बसेको थिएँ।
तिमी आयौ मार्क्स-लेनिन र माओको पर्चा बोकेर
भन्यौ- हिँड सामन्तीको राज्यसत्ता ढलाउन
म उठेँ, कलम बोक्ने उमेरमा बन्दुक बोकेँ
आमाको काखमा खेल्ने उमेरमा
युद्धको रणभूमिमा खेल्न थालेँ
जुम्ला, डोल्पा हुँदै कालीकोट पिली पनि लडेँ
दैलेख, सुर्खेत हुँदै रुकुम खारा पनि लडेँ
शरीरभरि गोलीका टाटा बोकेर शिविरमा बसेको थिएँ
तिमी आएनौ, अनमिन पठायौ
मलगायत हजारौँ जनसेनालाई अयोग्य बनायौ
हामीले खबर पठायौँ, तिमीले चिन्दिन भन्यौ
हामी फेरि लालझन्डा बोकेर युद्धमा फर्कियौँ
सर्वहारा वर्गको मुक्तिका लागि
जनक्रान्ति र वैज्ञानिक समाजवादका लागि
गरिब, दलित र पिछडिएको वर्गको अधिकारका लागि
बाबा र बहिनीको बदलाका लागि
तिम्रो ढाडमा टेकेर तिम्रै टाउकोमा प्रहार गर्नका लागि
म एउटालाई जेलभित्र थुनेर के गर्छौ
मजस्तै हजारौँ युवाहरू जन्मिसकेका छन् बाहिर
एउटा कुरा कान खोलेर सुन-
तिम्रो चिहान खन्ने मलामी हुँ म
हिजो तिमीले युद्ध गर्दा जनयुद्ध भयो
आज हामीले क्रान्ति गर्दा कसरी लुटेरा भयौँ ?
तिमी पापी हौ, तिमी विश्वासघाती हौ
तिमी स्वार्थी हौ, तिमी अवसरवादी हौ


**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५



**शुभकामना**

२०७६ सालको बडा दशैं, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

UNIVERSAL HIGHER SECONDARY SCHOOL

विजय खरेल, प्रिन्सिपल
**युनिभर्सल सेकेन्डरी स्कुल**
धुम्बाराही, काठमाडौं

## टुँडिखेलमा ...

मस्ती दिए पनि नागरिकले के पाए ? नेपालमाथि विदेशी हस्तक्षेप र अपमान यथावत् छ। जोताहाले जमिन पाएनन्। युवाहरूले देशमा रोजगार पाएनन्। महँगी आकासियो। भ्रष्टाचार लाजमर्दो भएको छ र सामाजिक असुरक्षा भयावह भएको छ। जनयुद्धको समयको आततायी शासन सम्झाउने गरी दोहोरो भिडन्तका नाममा राजनीतिकर्मीहरू मारिए। आफ्ना कमजोरी ढाकछोप गर्नकै लागि राज्य-प्रायोजित पञ्चऱ्याली प्रदर्शन गरियो। आज दलाल पुँजीवादको पक्षपोषण गर्ने संविधानका प्रवक्ता प्रमले नै तत्कालीन माओवादीले गणतन्त्र र नयाँ संविधानका पक्षमा जनयुद्ध लडिरहेको बेला राजतन्त्रात्मक संविधानको 'कमा र पूर्णविराम पनि परिवर्तन गर्न नसकिने' दाबी गरेकै हुन्। प्रम वली गणतन्त्रको चर्को विरोध गर्दै 'कुइनाले पहरो धकेल्ने मूर्ख' भन्थे। उनले गणतन्त्रको यात्रालाई 'ठेलागाडा चढेर अमेरिका पुगिन्न' भनेको अझै गुन्जिरहेको छ। गणतन्त्र र नयाँ संविधानका विरोधी, माओवादीले घिसारेर ल्याएका के.पी. वली नै देशको शासनको शीर्षासनमा पुग्नु देशको विडम्बना हो। राजतन्त्र र राजतन्त्रात्मक संविधानको जसरी तावेदारी गरिन्थ्यो, आफ्नो विवेक, ऐतिहासिक भौतिकवादको ज्ञान नभएका र आलोचनात्मक चेत नभएका मारुनी नृत्याङ्गनाहरू विगतमा झैँ कुतर्क गरिरहेका छन्।

नेपालको चालू संविधान र मधेसका मुद्दाहरूलाई दिल्लीले २०४५ सालकै चस्माले हेरेर आफ्नो आनुकूल बनाउन खोज्दा त्यो कदम दिल्लीकै लागि प्रत्युत्पादक भयो। दिल्लीले यतिबेला काठमाडौँका शासकको प्रशंसा बढाउँदै लग्ने, मधेसबारे मौन बस्ने र कुलीन वर्गको एउटा पङ्क्तिलाई हिन्दु धर्मका नाममा प्रोत्साहित गर्दै लगेर जनमत बढाउन खोजेको देखिन्छ। त्यही मौका पारेर सरकारले भने संविधान संशोधन नगर्ने भएको छ। टुँडीखेलमा भाषण गर्दै प्रम वलीले पञ्चहरूले झैँ 'सबै संविधान र व्यवस्थाभित्र आउन धम्की' दिए जसरी पञ्चऱ्यालीपछि पञ्चप्रभुहरूले कम्युनिस्ट र बहुदलवादीहरूलाई धम्की दिन्थे।

## इन्डो प्यासिफिक ...

विषयमा हिन्द-प्रशान्तका नाममा नेपाललगायत देशहरूलाई कब्जा गर्ने साम्राज्यवादी रणनीति रहेको बताए। उनले नेपालमा प्राकृतिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपमा कसरी प्रभुत्व कायम गर्न सकिन्छ भनेर शक्ति राष्ट्रहरूबीच चलखेल भइरहेको बताए। उनले उदीयमान शक्तिका रूपमा अघि बढेको चीनलाई एक्ल्याउनका लागि अमेरिकाले हिन्द-प्रशान्त रणनीति अघि सारेको बताउँदै साम्राज्यवादी मुलुकहरूको चपेटामा नेपाल पर्न नहुनेमा जोड दिए। अहिले चीनले अघि सारेको बीआरआईविपरीत इन्डो-प्यासिफिक रणनीति अघि आएको बताउँदै उनले त्यसबारेमा नेपाल स्पष्ट हुनुपर्नेमा जोड दिए।

सुरक्षाविद् एवम् नेपाली सेनाका पूर्वजर्नेल डा. प्रेमसिंह बस्न्यातले नेपाल सिध्याउनका लागि नेपाली संस्कृतिमाथि प्रहार हुन थालेको बताए। उनले भने, 'जतिखेर जुन देशको धर्मसंस्कृति ध्वस्त पारिन्छ, त्यसपछि त्यो देश नै ध्वस्त पार्न सकिन्छ भन्ने मान्यताका साथ नेपालमाथि आक्रमण भइरहेको छ। विश्वमा अमेरिकाले जति पनि गतिविधि गरिरहेको छ, त्यो प्राकृतिक स्रोतमाथि कब्जा जमाउनका लागि गरिरहेको टिप्पणी गरे।

डा. नन्दबहादुर सिंहले हिन्द-प्रशान्त नीति भनेको प्राकृतिक स्रोतसाधन कब्जाको नीति हो भन्दै नेपालको परराष्ट्र नीतिका सवालमा सबै दल एकै ठाउँमा आएर राष्ट्रिय परराष्ट्र नीति बनाउनुपर्ने बताए। उनले भारतका विभिन्न पार्टीको आफ्नो सिद्धान्त र विचार भए पनि राष्ट्रिय नीतिमा एक ठाउँमा भएको बताउँदै नेपालमा यस्तो किन हुन सकिरहेको छैन भन्दै प्रश्न गरे। उनले नेपालका तर्फबाट अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययनका लागि थिङ्क ट्याङ्कको निर्माण गर्नुपर्नेमा जोड दिए।

डा. मृगेन्द्रबहादुर कार्कीले इन्डो-प्यासिफिक रणनीति चीनको बीआरआई कार्यक्रमलाई शान्तिपूर्ण रूपमा हत्याउने गरी आएको उल्लेख गरे। उनले नेपालको आफ्नो स्पष्ट विदेश नीति हुनुपर्ने बताउँदै पार्टी र आफ्नो स्वार्थबाट पर रहेको थिङ्क ट्याङ्कहरूको विकास गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा अर्का वक्ता देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष नेता सीपी गजुरेलले इन्डो-प्यासिफिक रणनीति नेपालको स्वाधीनता र राष्ट्रियतासँग जोडिएको विषय भएको बताउँदै यो रणनीतिमा संलग्न भए नेपालको असंलग्न परराष्ट्र नीति खारेज हुने उल्लेख गरे। उनले अमेरिकाले उदीयमान शक्तिराष्ट्र चीनलाई लक्षित गरेर यो रणनीति ल्याएको हो। अमेरिकाद्वारा प्रायोजित इन्डो-प्यासिफिक रणनीतिले तत्काल प्रभाव नपारे पनि भविष्यमा यसले नेपालमा ठूलो प्रभाव पार्छ। यो रणनीतिमार्फत अमेरिका नेपालमा आर्थिक, राजनीतिक र फौजी रूपमा प्रवेश गर्न लागेको भन्दै त्यसलाई नेपाली जनताले रोक्नुपर्ने बताए। उनले सत्ताधारी पार्टीले दुईथरी नीति लिएको बताउँदै चीन गएको बेला राष्ट्रपतिले बीआरआई भनेर भोज खाएर आउने यता आए पनि परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली अमेरिका गएर इन्डो-प्यासिफिक रणनीतिमा हस्ताक्षर गरेर अमेरिका र चीनलाई खेलाउने काम गरेको आरोप लगाए।

कार्यक्रममा नेता नरबहादुर कार्कीले स्वागत मन्तव्य राख्दै नेपालीको काँधमा बन्दुक राख्नका लागि नेपाल इन्डो-प्यासिफिकमा संलग्न नबनोस् भन्दै स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रमको अध्यक्षता विश्वमामिला प्रतिष्ठानका अध्यक्ष खगेश्वर केसीले गरेका थिए भने नारायण न्यौपानेले सञ्चालन गरेका थिए।

## सि एम सि ...

भएको छ। कार्यदलले थप शुल्क लिए-नलिएको अध्ययन गरेर असोज १० गतेभित्र जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन बुझाउनेछ। चिकित्सा शिक्षा सङ्घर्ष समितिका संयोजक प्रकाश चन्दले सीएमसी बढी असुल गरेको शुल्क फिर्ता गर्न तयार भएकाले आफूहरूले आन्दोलन फिर्ता गरेको भन्दै सहमति कार्यान्वयन नभए फेरि कडा आन्दोलन थाल्ने चेतावनी दिए। यसअघि नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले विज्ञप्ति जारी गरेर विद्यार्थीका माग सीएमसीले पूरा नगरे पार्टीले हस्तक्षेप गर्ने चेतावनी दिएका थिए। त्यसैगरी त्रिविले पनि बढी शुल्क फिर्ता गर्न निर्देशन दिएको थियो।

## अभिव्यक्ति स्वतन्त्रता ...

व्यक्त गरे। उनले परिवर्तन हुनका लागि कुनै दलविशेष स्वार्थभन्दा माथि उठ्न जरुरी रहेको भन्दै जनयुद्धमा रोल्पाले ठूलो योगदान गरे पनि परिवर्तनको दियो नबालेकोप्रति आक्रोश व्यक्तसमेत गरेका थिए। सरकारले नै संविधानको उल्लङ्घन गर्दै राजनीतिक दललाई प्रतिबन्ध लगाउनु गलत रहेको भन्दै प्रेस स्वतन्त्रता मानवअधिकारजस्ता महत्वपूर्ण विषयका बारेमा सरकार चुकेको भन्दै यो अवस्था परिवर्तन नभए ठूलो आन्दोलनको सम्भावना रहेको जिकिर गरे।

यस्तै कार्यक्रममा आफ्नो धारणा राख्दै जनअधिकार नेपालका केन्द्रीय अध्यक्ष तथा वरिष्ठ अधिवक्ता एकराज भण्डारीले संविधान निकै उत्कृष्ट लेखिएको भए पनि सबै कागजमा मात्र सीमित रहेको बताए। संविधानमा लेखिएका मौलिक हकहरूसमेत सरकारले कुण्ठित गरेकोप्रति सचेत रहन आग्रह गर्दै संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद भन्नेबारे बहस गर्न जरुरी भएको उनले बताए। उनले भने, 'प्रेस स्वतन्त्रता छैन भने राजनीतिक अवस्था निकै पेचिलो बनिरहेको छ।' सामान्य जनताले कर तिर्नुपर्ने तर एनसेलले कर नतिरे पनि हुने भन्दै भण्डारीले अदालत पनि सरकारको छायाँमा भएको जिकिर गरे।

यस्तै नेपाल पत्रकार महासङ्घका महासचिव रमेश बिष्टले संविधानको प्रस्तावनामा लेखिएको भए पनि प्रेस स्वतन्त्रता संविधानमै मात्र भएको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए। पत्रकारहरूलाई नै प्रहरीले धरपकड गर्ने गरेको भन्दै उनले न्यायालयको आदेश नमानेर प्रहरीले अदालतकै गेटबाट प्रहरीले फेरि समात्ने गरेको बताए। उनले प्रश्न गरे, 'यो कहाँको नियम हो ?' विभिन्न प्रेससम्बन्धी ऐन ल्याउँदा छलफल नगरेको भन्दै आमसञ्चारसम्बन्धी ऐन छलफल नगरी पास भएमा आन्दोलनमा जाने चेतावनीसमेत दिए।

कार्यक्रममा उच्च अदालत नेपाल बार एसोसिएसन रूपन्देहीका अध्यक्ष जोगबहादुर खत्री, वामपन्थी बुद्धिजीवी एवम् वरिष्ठ अधिवक्ता दिल साहनी, जनअधिकार अभियान नेपालका उपाध्यक्ष देवबहादुर पौडेल, मानवअधिकार तथा शान्ति समाजका वरिष्ठ उपाध्यक्ष गोविन्द खनाल, नेपाल पत्रकार महासङ्घका रूपन्देही अध्यक्ष यानेन्द्र जीसी, वरिष्ठ पत्रकार बालकृष्ण चापागाईं, वामपन्थी लेखक बिनबहादुर कुँवर, नागरिक समाजका प्रतिनिधि पदम कार्कीलगायतले यस्तो बलियो सरकारले मानवअधिकार, प्रेस र अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न नसकेकोमा चिन्ता व्यक्त गरेका थिए। पत्रकारहरू, कानुन व्यवसायी, नागरिक समाजका अगुवा, प्राध्यापकहरूलगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रम सङ्गठनका अध्यक्ष प्रकाश डुम्रेको अध्यक्षता, महासचिव हिम बिष्टको सञ्चालन र केन्द्रीय सदस्य शिव डुम्रेको स्वागतमा सम्पन्न भएको थियो। पछिल्लो समय मानवअधिकार र प्रेस स्वतन्त्रता कमजोर बन्दै गएको निष्कर्षसहित सङ्गठनले देशभर अभियान चलाएको थियो। पछिल्लो समय राजनीतिक विचार र आस्थाका कारण नागरिक एवम् पत्रकारहरूको धरपकड र गिरफ्तार बढ्दै गइरहेको बेला पत्रकार सङ्गठनले सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो। सङ्गठनले यसअघि मेचीदेखि महाकालीसम्म ३८ जिल्लामा उक्त कार्यक्रम सञ्चालन गरेको छ।

## युवा सङ्गठन नेपाल ...


ब्युरो, नारायणी ब्युरो र पूर्वी कमान्डका भोजपुर, उदयपुरलगायत देशका सबै जिल्लाहरूमा अभियान उद्घाटन भएको छ। सयौँ युवाहरूको उपस्थितिमा भएको उद्घाटन कार्यक्रमलाई सङ्गठनका केन्द्रीय सदस्यहरूले सम्बोधन गरेका थिए। वक्ताहरूले आमबुद्धिजीवी, मानवअधिकारवादी, देशभक्त राष्ट्रवादी शक्ति, वामपन्थी, वकिल, व्यापारी, पत्रकारलगायत सम्पूर्ण क्रान्तिकारी युवाहरूलाई अभियानमा साथ, समर्थन तथा समाहित हुन अपिल गरे। देश भ्रष्टाचारको दलदलमा फस्दै गएको र नेपाली जनता ऋणको भारी बोक्न बाध्य भएको हुँदा अब सचेत नागरिकहरूले बेलैमा बुझ्नुपर्ने वक्ताहरुको भनाइ थियो।

देशको ठूलो कर छली गर्ने एनसेललगायत विभिन्न सङ्घसंस्थाहरूसँग सत्ताका मालिक र राजनीतिक पार्टीका मुख्य नेताहरूको साँठगाँठ रहेकाले त्यसका विरुद्ध सशक्त सङ्घर्ष गर्न वक्ताहरुले युवालाई अपिल गरे। गाउँगाउँमा भएका बेथिति, विसङ्गति, चर्को कर र भ्रष्टाचारका विरुद्ध जस्तोसुकै चुनौतीका बीचबाट पनि सङ्घर्ष गर्न र जनकारबाहीसम्म गर्न युवाहरूमा अपिल गरे। साँच्चिकै समृद्ध नेपाल र सुखी नेपाल निर्माण गर्ने हो भने यो व्यवस्थाबाट सम्भव छैन, त्यसका लागि वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सम्भव रहेको वक्ताहरुले बताए। कथित केपी-प्रचण्डको राजनीतिक प्रतिबन्ध पानीको फोका भएर जाने भन्दै त्यसको डटेर सामना गर्न वक्ताहरूले जोड दिए।















शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5f}F

ईस्टर्न एजेन्सीज प्रा.लि.
पो.ब.नं. १२४१५, गैरीधारा, काठमाडौं
फोन : ०१-४००४६२६/२७ फ्याक्स : ०१-४००४६२५
टोल फ्री नं. १६६००१११५५५
इमेल : eastern@batas.com




शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{ bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5'.

Tilicho Enterprises
Jamal, Kathmandu

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5f}F

रामेश्वर बोहोरा, नगर प्रमुख
भवानी डोटेल धिताल, उप प्रमुख
तारकेश्वर नगरपालिका परिवार, काठमाडौं

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5f}F

नरबहादुर थापा मगर, मेयर
सिर्जना खड्का, उपमेयर
रमेश गौतम, प्रमुख प्रशासकीय अधिकृत
रामेछाप नगरपालिका परिवार, रामेछाप

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{lz If s, cleefjs, ljBfyL{tyf ;Dk0f{ gk fnLx?df xflb{s d+undo z'esfdgf JoQm ub{5f}F

रामकृष्ण सिंखडा, प्रिन्सिपल
बिनायकसिद्ध कलेज
चावहिल काठमाडौं

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5f}F

सन्तोष चालिसे, नगर प्रमुख
शान्ति नेपाल, उप प्रमुख
गोकर्णेश्वर नगरपालिका परिवार, काठमाडौं

एक वर्षको समृद्धि चाहनुहुन्छ भने अन्न बाली लगाउनुहोस्
१० वर्षको समृद्धि चाहनुहुन्छ भने रुख बिरुवा रोप्नुहोस्
१०० वर्षको समृद्धि चाहनुहुन्छ भने बालबालिकामा लगानी गर्नुहोस् जनशक्ति विकास गर्नुहोस् ।
- कन्फ्युसियस



टोखा नगरपालिका, काठमाडौं

शुभकामना

@)&^ ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{sf]kfjg cj;/df ;Dk0f{bfhefO tyf lbbLalxgLx¿df xflb{s d+undo z'esfdgf JoQm ub{5'.



भीमबहादुर तामाङ
वडाध्यक्ष
रामेछाप नगरपालिका-५, रामपुर

शुभकामना

आउँदै गरेको बडा दशैं, शुभ दिपावली तथा छठ पर्व २०७६ सालको अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं कार्यसफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ISO 9001 :2008 Certified
Reg. No. 30206/061/062
Liscence No. 498/061/062

KOSHI
INTERNATIONAL SERVICES PVT.LTD.
Paint Your Future
Furtiman Marg, Bishal Nagar (Near Finland Embassy)
Kathmandu-4, Nepal, Ph: +977-1-4423603, 4423604, Fax: +977-1-4423606
Email: koshiint@wlink.com.np/koshiint@gmail.com
www.koshiinternational.com

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ